जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक २४, २०७८ साल पुस ३० गते शुक्रबार, नेपाल संवत् ११४२ (Jan. 14, 2021) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## भूमाफियालाई सरकारकै संरक्षण

काठमाडौं । बालुवाटारस्थित ललितानिवासको सरकारी जग्गा किर्ते गरी व्यक्तिको नाममा ल्याउने राजनीतिक दलका नेता, सरकारी कर्मचारी र भूमाफियालाई जोगाउन सरकारले नै सहयोग गरेको छ ।

सरकारी वकिल कार्यालयको सहकार्यमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले गरेको अनुसन्धानलाई फितलो भन्दै मुद्दा नचलाई फाइल फिर्ता गरेसँगै सरकार नै आरोपी जोगाउन लागेको देखिएको बाँकी ८ पेजमा

## सिंहदरबारको पास खारेज

काठमाडौं । कोभिड १९ ओमिक्रोन भेरियन्टको संक्रमणको जोखिम बढेको भन्दै गृह मन्त्रालयले सिंहदरबार परिसरभित्र प्रवेशमा कडाइ गर्ने निर्णय गरेको छ । मन्त्रालयले बुधबार विज्ञप्ति जारी गरेर हालसम्म भएका सबै मन्त्रालय, निकाय, सचिवालय, आयोग, कार्यालयलगायतबाट जारी भएका सबै प्रकारका स्थायी अस्थायी पास, अस्थायी परिचयपत्र खारेज गर्ने भएको छ ।

अस्थायी वा स्थायी परिचयपत्र बनाउनुपरेमा आवश्यकता हेरी सम्बन्धित निकायको सिफारिसमा गृह मन्त्रालयको पूर्वसहमति लिई सम्बन्धित निकायबाटै जारी गर्ने निर्णय गरेको छ । सूचना विभागबाट जारी भएको पास भएका पत्रकारहरू मात्र सिंहदरबारभित्र प्रवेश गर्न पाउनेछन् ।

# नेपालको सार्वभौमसत्तामाथि भारतको धावा

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाली भूमि लिपुलेकमा सडक स्तरोन्नति भइरहेको घोषणा गरेको दुई साता बित्न लाग्दा पनि नेपाल सरकारले यस विषयमा कुनै औपचारिक प्रतिक्रिया दिएको छैन । सत्ता गठबन्धनको एक घटक नेकपा एकीकृत समाजवादीले भारतले लिपुलेक क्षेत्रमा गरेको सडक विस्तारप्रति आपत्ति जनाएको छ । एकीकृत समाजवादीका विदेश विभाग प्रमुख झलनाथ खनालले हालै एक विज्ञप्ति जारी गर्दै नेपाल सरकारसँगको सहमतिबिना त्यस क्षेत्रमा कुनै गतिविधि गर्न नसक्ने बताएका छन् ।




संसदमा प्रतिनिधित्व नरहेको नेकपा (माले) ले पनि एक विज्ञप्ति प्रकाशित गरी भारतीय अतिक्रमणको तीव्र विरोध गरेको छ । माले महासचिव सीपी मैनालीद्वारा जारी विज्ञप्तिमा नेपालको अनुमतिबिना नेपाली भूभागको प्रयोग भारतले गर्नु नेपाली सार्वभौमसत्तामाथिको अतिक्रमण भएको बताइएको छ । त्यस्तै नेत्रविक्रम चन्द नेतृत्वको नेकपाले त भारतीय हस्तक्षेपविरुद्ध जनसंघर्ष नै गर्ने उद्घोष गरेको छ । त्यस्तै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले पनि मोदीले लिपुलेक जोड्ने सडक विस्तार कार्य भइरहेको अभिव्यक्ति दिएको १२ दिनपछि नेपालको सार्वभौमिकता, अखण्डता र स्वाभिमानमा आँच पुऱ्याउने भारतका गतिविधि तत्काल बन्द हुनुपर्ने जनाएको छ । एमालेले नेपाली भूभाग कालापानीमा भारतले मौनता सन्देहास्पद रहेको टिप्पणी गरेको छ । स्मरणीय छ एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री भएकै बेलामा भारतले लिपुलेक जोड्ने सडकको उद्घाटन गरेको थियो । देशको भूमि मिचिँदा पनि त्यसबेला ओलीले आफूले थाहा नपाएको बताएका थिए । नेपाली भूमिको समाचार भारतीय मिडियाबाट मात्र प्रधानमन्त्रीले थाहा पाउनु हास्यास्पद विषय हो । सत्तामा हुँदा भारतले जे गरे पनि चुप बस्ने एमाले अहिले एउटा विज्ञप्ति फ्याँकेर बडो राष्ट्रवादी देखिन खोजेको टिप्पणी सुनिँदैछ । त्यस्तै नेपाल मजदुर किसान पार्टी लगाायतका साना दलहरूले पनि भारतीय ज्यादतीको विरोध गरेका छन् । तर सत्ताको नेतृत्व गरिरहेको नेपाली कांग्रेसले भने औपचारिक रुपमा कुनै धारणा सार्वजनिक गरेको छैन । न त कांग्रेसकै भागमा परेको परराष्ट्र मन्त्रालयले नै भारतलाई कुनै डिप्लोम्याट नोट पठाएर विरोध जनाएको छ । नेपाल आमाको छातीमा भारतीय डोजर चल्दा पनि सरकारलाई नदुख्नु अच्चमै छ ।

भारतीय प्रधानमन्त्री मोदीले ३० डिसेम्बरमा उत्तराखण्डको हल्दानीमा एक ऱ्यालीलाई सम्बोधन गर्दै लिपुलेकमा थप सडक विस्तारको काम भइरहेको जानकारी गराएका थिए । उनले सो क्षेत्रमा १७ हजार ५ सय करोड भारतीय रुपैयाँभन्दा बढीको २३ परियोजनाको उद्घाटन गर्दै लिपुलेकमा सडक बनाएको र त्यसलाई विस्तार गर्ने काम चलिरहेको बताएका थिए । सो क्षेत्र लामो समयदेखि भारतीय सैन्य नियन्त्रणमा छ । मानसरोवर र कैलाशसम्म भारतीय नागरिकको सहज पहुँच बनाउन भारतले लिपुलेकमा सडकको स्तरोन्नति गरिरहेको हो । सन् २०२२ भित्र सडक पक्की गराउने भारतको उद्देश्य छ । स्मरण रहोस् आजको भारतको उत्तराखण्ड राज्य सुगौली सन्धिअघि नेपालकै भूभाग थियो ।

पहिलाको सरकारले उत्तराखण्डको विकासमा ध्यान नदिएको भन्दै अहिले गरिएका कामको फेहरिस्त बताउने क्रममा मोदीले भनेका थिए– टनकपुरदेखि पिथौरागढसम्मको अल वेदर रोडमा मात्रै हामीले काम गरेका छैनौं । मानसखण्ड मानसरोवरको प्रवेशद्वार सडकबाट वञ्चित थियो । अहिले लिपुलेकसम्मको सडक बनाइएको छ । त्यसमा अगाडि पनि विस्तारको काम जारी छ । भारतीय सेनाको नियन्त्रणमा रहेको लिपुलेक क्षेत्रमा नेपालको सहमतिबेगर भारतले पूर्वाधार निर्माण तथा सडक विस्तार लगायतका काम गरेको छ । लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई लिएर दुई देशबीच विवाद कायम छ । दुवैले उक्त क्षेत्रलाई आफ्नो भन्दै नक्सामा समेटेका छन् । यसअघि दुई वर्ष पहिले सडक निर्माणको विषय सार्वजनिक भएपछि परराष्ट्र मन्त्रालयले त्यसप्रति आपत्ति जनाउँदै कूटनीतिक नोट पठाएको थियो ।

मोदीको पछिल्लो अभिव्यक्तिभन्दा ठीक दुई साताअगाडि मंसिर २९ मा भारतीय रक्षामन्त्री राजनाथ सिंहले पनि लिपुलेकमा सडक निर्माण गरिएको चर्चा गरेका थिए । तर उनले शिर झुकाएर भए पनि नेपालसँगको सम्बन्ध कुनै हालतमा बिग्रिन नदिने अभिव्यक्ति दिएका थिए । २०७७ वैशाख २६ मा सिंहले नेपाली भूमि हुँदै मानसरोवर जाने 'सिंगल लेन' सडकको नयाँ दिल्लीबाट भिडियो कन्फरेन्समार्फत उद्घाटन गरेका थिए । त्यसको १३ बाँकी ८ पेजमा

## कसरी छिऱ्यो बतास समूह ?

काठमाडौं । नारायणहिटी दरबार संग्रालयमा बतास समूहले बनाइरहेको 'क्याफ्टेरिया' भत्काउन आदेश दिएको दुई दिनपछि सरकारले भाडा कर लिएको पाइएको छ । २० पुसमा क्याफटेरिया भत्काउन आदेश दिएको सरकारले बतास समूहसँग गत १ असारदेखि मंसिरसम्मको भाडा रकम लिएको खुलासा भएको हो ।

उनका अनुसार कुनै कानुन र विधि नटेकी पर्यटन तथा संस्कृतिमन्त्री प्रेम आलेको मौखिक आदेशमा निमार्णाधीन संरचना भत्काउने काम भएको छ । बतासका अनुसार निमार्णधीन अवस्थामा सरकारले भाडा लिन नपाउने सम्झौता गरेको भए पनि समितिले भाडा कर असुल गरेको उनको आरोप छ ।

नारायणहिटी दरबार तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समितिले २४ साउन २०७७ मा दरबार संग्रालय र गणतन्त्र स्मारकतर्फ 'क्याफटेरिया' बाँकी ८ पेजमा

## मोदीलाई धक्का, साथ छाड्दै विधायक

काठमाडौं । भारत उत्तर प्रदेशका विधायक मुकेश वर्माले हिजो भारतीय जनता पार्टी (भाजपा) परित्याग गरेका छन् । पार्टीमा देखिएका समस्यालाई दृष्टिगत गरी आफूले पार्टी परित्याग गरेको वर्माको भनाइलाई उद्धृत गर्दै बीबीसी हिन्दीले उल्लेख गरेको छ ।

गएका तीन केही दिनभित्रमा मात्रै भाजपाका सात विधायकले पार्टी परित्याग गरिसकेका छन् । सिकोहाबादका विधायक वर्माले केही दिनअघि मात्रै भाजपा परित्याग गरेका स्वामीप्रसाद मौर्य आफ्नो नेता भएको भन्दै मौर्यको कदममा आफूले साथ दिने बताएका छन् ।

'स्वामीप्रसाद मौर्य हाम्रो नेता हो । उहाँले जस्तो कदम चाल्नुहुन्छ, त्यसमा हाम्रो साथ रहन्छ । आउँदा दिनमा अन्य नेताले पनि हामीलाई साथ दिँदै जानु हुनेछ,' वर्माले भनेका छन् ।



भाजपा सरकार द्वारा छ वर्ष के कार्यकाल में दलित, पिछड़ों और अल्पसंख्यक समुदाय के नेताओं व जनप्रतिनिधियों को कोई तवज्जो नहीं दी गई व दलित, पिछड़ों किसानों व बेरोजगारों की उपेक्षा की गई । इसकारण मैं भारतीय जनता पार्टी की प्राथमिक सदस्यता से इस्तीफा देता हुँ ।

योगी आदित्यनाथ नेतृत्वको उत्तर प्रदेश सरकारले दलित र पिछडिएका वर्गलाई भेदभाव गरेको र किसान तथा बेरोजगारहरूलाई बेवास्ता गरेको भन्दै यसप्रति आफ्नो असहमति रहँदै आएको र फलस्वरुप पार्टी परित्याग गरेको वर्माले बताए ।

'भाजपा सरकारले पाँच वर्षको कार्यकालमा दलित, पिछडिएका वर्ग र अल्पसंख्यक समुदायका नेता वा जनप्रतिनिधिलाई बेवास्ता गरियो' वर्माले ट्विटरमार्फत भनेका छन् , 'दलित, पिछडिएका किसान र रोजगारविहीनहरूको उपेक्षा गरियो । यसैले म भारतीय जनता पार्टीको प्राथमिक सदस्यताबाट राजीनामा दिँदै छु ।'

भाजपाले आफ्नै लागि मात्र विकास गरेको भन्दै वर्माले ७० वर्षयता देशमा बनेका भौतिक संरचनाभन्दा बढी भाजपा पार्टी कार्यालयहरू पाँच वर्षको अन्तरालमा बनाएको आरोप लगाएका छन् । 'अहिले हरेक जिल्लामा दुई/दुईवटा भाजपाका कार्यालयहरू छन्' उनको बाँकी ८ पेजमा

## बेलायतमा नर्सलाई जागिर

काठमाडौं । बेलायत सरकारले नेपाली नर्सहरूलाई रोजगारीका लागि लैजानेसम्बन्धी सम्झौता हुने भएको छ । बेलायत सरकारका प्रतिनिधि र श्रम मन्त्रालयबीच सम्झौता हुन लागेको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार सम्झौतापछि नेपाली नर्स रोजगारीका लागि बेलायत पठाइने प्रक्रिया अगाडि बढ्नेछ ।

बेलायत सरकारले नेपालबाट १० हजार नर्सको माग गरे पनि पहिलो चरणमा दुई हजार नेपाली नर्सलाई पठाइने श्रममन्त्री श्रेष्ठले बताए । उनका अनुसार बेलायतले नर्स रोजगारीका लागि अंग्रेजी भाषामा निपूर्ण हुनुपर्ने सर्त राखेको छ । 'बेलायत सरकारको सर्तअनुसार नेपाली नर्सले आइएलटिएसमा ७ स्कोर ल्याउनुपर्नेछ । तर, मैले ६.५ स्कोरको अडान राखेको छु' उनले भने । बेलायत सरकार र नेपाली सरकार (जिटुजी) बाँकी ८ पेजमा

## फेरि लोडसेडिङकै झल्को

काठमाडौ । अघोषित रुपमा बत्ती जाने समस्याबाट उपभोक्ता प्रभावित हुने क्रम पछिल्लो समय बढेको छ । काठमाडौं उपत्यका र देशका अन्य भागमा पछिल्लो समय बत्ती आउने-जाने क्रम पहिलेको तुलनामा धेरै नै बढेको छ । नेपाल विद्युत प्राधिकरणको जडित क्षमता २ हजार ६१ मेगावाट पुगेको छ । त्यसमध्ये अहिले हिउँदको समयमा खोलामा पानीको बहाब कम भएकाले १ हजार ४ सय ५० मेगावाटको हाराहारीमा विद्युत उत्पादन भइरहेको छ । प्राधिकरणका अनुसार अहिलेको पिक डिमान्ड १ हजार ६ सय देखि १ हजार ७ सय मेगावाटको हाराहारीमा रहेको छ । अपुग विद्युत भारतबाट आयात भईरहेको छ । बाँकी ८ पेजमा

## आर्थिक वृद्धिदर ३.९ प्रतिशत

काठमाडौं । चालू आर्थिक वर्षमा मुलुकको आर्थिक वृद्धिदर ३ दशमलव नौ प्रतिशत मात्रै हुने प्रक्षेपण विश्व बैंकले गरेको छ । मंगलबार सार्वजनिक ग्लोबल इकोनोमिक प्रोस्पेक्ट्स २०२२ ले सरकारले लिएको लक्ष्यको तुलनामा कमजोर आर्थिक वृद्धि हुने प्रक्षेपण सार्वजनिक गरेको हो । प्रतिवेदनले आगामी आर्थिक वर्ष ०२२/२३ (०७९/८०) मा पनि सामान्यस्तरको ४ दशमलव ७ प्रतिशत मात्रै आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको छ ।

चालू आवमा सात प्रतिशत आर्थिक वृद्धिको लक्ष्य सरकारले राखेको छ । तर, केन्द्रीय तथ्यांक विभागले यसअघि नै ५ दशमलव ११ प्रतिशत आर्थिक वृद्धि हुने प्रारम्भिक अनुमान गरेको छ । कात्तिक मसान्तसम्मको गतिविधि तथा आगामी दिनमा हुने आर्थिक क्रियाकलापका आधारमा बाँकी ८ पेजमा

## खोप नलगाउनेहरू जोखिममा

काठमाडौं । कोरोना भाइरस संक्रमणविरुद्धको खोप नलगाउनेहरूमा यसको जोखिम बढी हुने चिकित्सकहरूले बताएका छन् । खोप नलगाउने व्यक्तिमा तत्काल रोगको संक्रमण हुनसक्ने उनीहरूको दाबी छ । भरतपुर अस्पतालका अध्यक्ष फिजिसियन डा.भोजराज अधिकारीले खोप (भ्याक्सिन) नलगाएको समुदायमा कोरोना भाइरस संक्रमणको नयाँ भेरियन्ट ओमिक्रोनको बढी खतरा हुने बताए ।

अहिलेसम्मको बाँकी ८ पेजमा

## हवाई उडानमा कडाइ

काठमाडौ । कोभिड-१९को नयाँ भेरियन्ट ओमिक्रोन फैलिएसँगै सरकारले अत्यावश्यक अवस्थाबाहेक यात्रा नगर्न सरकारले आह्वान गरेको छ । अध्यागमन विभागले यसअघि प्रतिबन्ध लगाइएका नौ देश र कोरोनाको उच्च जोखिम भएका अन्य मुलुकमा भ्रमणमा नजान भनेको हो ।

सरकारले ओमिक्रोन देखिएका मुलुक दक्षिण अफ्रिका, बाँकी ८ पेजमा

## किन सम्झने पृथ्वीनारायण शाहलाई ?

**सन्दर्भ ३०० औं पृथ्वीजयन्ती**

● विष्णु भट्टराई

'स्टेट हुड' अर्थात् राष्ट्र राज्य, नेसन हुड' राज्यराष्ट्र, नेपाल राष्ट्रको निर्माणको विधि 'स्टेट हुड' हो । पृथ्वीनारायण शाहले एकीकरण अभियान थाले । राजा रजौटाहरूलाई एकीकरण गरी नेपाल भनेर सिमना तोके । उनले सिमाना तोकेको भूभागलाई 'गोर्खा' भनेनन् नेपाल भने । बोलिने भाषालाई खस भनेनन् नेपाली भने । भक्तपुर राज्यको सूर्यचन्द्र अंकित झन्डालाई उनले नेपाल राष्ट्रको झन्डा बनाए । कुमारीको दर्शन गरे । सबै धर्म संस्कृतिको कदर गरे । उनले भने- 'मेरो साना दुःखले आर्ज्याको मुलुक होइन, यो चार वर्ण छत्तीस जातको फूलबारी हो' सबैलाई चेतना भया । नेपालका १२३ भाषाभाषीका साझा नेता हुन् नेपाल निर्माता पृथ्वीनारायण शाह ।

उत्तरमा ठूलो राष्ट्र चीन र दक्षिणमा ठूलो राष्ट्र भारतको बीचमा कसरी सुरक्षित भएर कस्तो कुटनीति अवलम्बन गर्नुपर्दछ भन्ने कुरा पृथ्वीनारायण शाहले ३०० वर्षअगाडि राम्ररी बुझेर भनेका थिए-




'उप्रान्त यो राज्य दुई ढुंगाको तरुल जस्तो रहेछ । चीनको बादशाहसँग ठूलो घाहा (राम्रो सम्बन्ध) राख्नु, दषिनको समुद्रको बादशाहसित घाहा त राख्नु तर त्यो महाचतुर छ । देशका महाजनहरू हाम्रा मुलुकमा आया भन्या दुनियाँ कंगाल गरी छाड्छन् ।' यो सत्यलाई मनन् गर्न नसकेकाले हामी नेपालीहरू विदेशीहरूको चक्रब्यूहमा फस्न पुगेका छौं । राष्ट्रनिर्माताका दिव्य उपदेशहरू अहिलेको नेपालमा पनि अनुकरणीय छन् । पृथ्वीनारायण शाहले भ्रष्टाचारीको विषयमा भनेको थिए- 'निया निसाफ बिगार्न्या भनेको घुस दिन्या र खान्या हुन् यी दुईको ता धन जीव (राष्ट्रियकरण) गरिलियाको पनि पाप लाग्दैन ।' यस्ता विचारहरूलाई राष्ट्रिय मूलनीतिको रुपमा नेतृत्व तहबाट नअपनाउञ्जेल नेपाल सुरक्षित रहिरहन सक्तैन ।

राज्यको एकीकरणपछि आम जनता र थुप्रै साना राज्यहरूको संरक्षण गर्ने पृथ्वीनारायण शाहको नीति थियो ती क्षेत्रका धर्म, कर्म, परम्परा, रीतिरिवाज यथावत राखेर सबै नेपालीको साझा सम्पत्तिको रुपमा परिणत गराएका थिए । ३०० वर्षअगाडि, पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्नुभन्दा एक सय वर्षपछिसम्म जर्मन, इटाली सबै टुक्रा-टुक्रामा विभाजित थिए । अमेरिका बेलायती उपनिवेश थियो । जापान अन्धकार अवस्थामा थियो । यस्ता प्रजातान्त्रिक सिद्धान्तबिनाको बाटोमा हिँडेर कहिले पनि गन्तव्यमा पुग्न सकिँदैन । 'सुवर्ण जति ठोकिन्छ, गहना मात्र बन्दछ, फलामलाई जति ठोक- घातकी अस्र बन्दछ' बालकृष्ण समले भनेझैं हामीले नेपाललाई नेपाली जनताको गौरवमय गहना बनाउन सक्नु पर्दछ नकि घातकी अस्र ।

पृथ्वीनारायण शाहको समयमा राति फेरी लगाउने कानफट्टा गोरखनाथका जोगीहरूलाई दुनियाँका घर-घरमा पठाएर शंखध्वनि गराएर शत्रुहरूलाई त्रसित बनाउन र शत्रुहरूबाट कहीं खतरा पाइएमा उनीहरूबाटै खबर बुझ्ने नीति थियो । अर्को कुरा जनताका घर-घरमा विवाह कार्यक्रममा साम्राज्यवादीको विरुद्ध बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र( ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# भारतको बल मिचाइमा सरकारको मौनता

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले डिसेम्बर ३० का दिन उत्तराखण्डको हल्द्वानीमा आयोजित राज्यसभाको चुनावी प्रचारसभामा टनकपुरदेखि पिथौरागढसम्मको अल बेदर रोडको काम सँगसँगै अहिले लिपुलेकसम्मको सडक बनाएको र यसको विस्तार कार्य पनि जारी रहेको भाषण गरेका थिए । नेपाली जमिनमा दिनदहाडै सडक बनाएर भारतीय प्रधानमन्त्रीले बडो उत्साहजनक ढंगले चुनावी सभामा भाषढा गर्न अलिकति पनि लज्जाबोध गरेनन् । नेपालको सार्वभौमसत्तामाथि भारतले ठाडो हस्तक्षेप गर्दासमेत प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकार फलामे चस्मा लगाएको अभिनय गरिरहेको छ । सामाजिक सञ्जालहरूमा भाइरल रहेको मोदीको भाषणको भिडियो क्लिपमा हजारौं देशभक्त नेपालीले गम्भीर आपत्ति प्रकट गर्दै नेपाली सार्वभौमसत्ताको रक्षा गर्न आवाज बुलन्द गरेका छन् । तर सरकार सामान्य विरोधको औपचारिकता पूरा गर्ने साहस देखाउन समेत सकिरहेको छैन । सरकारले आफ्नो भूमिमाथि छिमेकीले बोलेको धावाका बारेमा जनतालाई जानकारी दिनुपर्ने हो । मोदीको भाषणपछि तत्काले क्याबिनेट बसेर छलफल गर्नुपर्ने हो । तर कुर्सीका लागि राष्ट्रियताको सौदाबाजी गर्ने नालायकीपन सरकारले देखाएको छ ।

यसैगरी उत्तराखण्ड राज्यका गभर्नर गुरमित सिंहले जनवरी १ का दिन नेपाली भूमि नाभी र गुन्जीमा सडक निर्माणमा खटिने मजदुरलाई ज्याकेट वितरण गर्दै नेपाली सार्वभौमसत्तामा हस्तक्षेप गरेका थिए । भारतले नभी, गुन्जीलगायत नेपाली भूमिमा बसोबास गर्ने नेपाली नागरिकलाई भारतको रासनकार्ड बनाइदिने, बैंक खाता खोल्न लगाउने जस्ता अनधिकृत काममा तीव्रता दिन थालेको छ । नेपालले उक्त क्षेत्रमा बसोबास गर्ने जनताको जनगणना गर्न समेत सकेन । पूर्वप्रधानमन्त्री खड्गप्रसाद ओली नेतृत्वको सरकारले कालापानी ब्यास क्षेत्रको अतिक्रमित नेपाली भूमि समावेश गरी चुच्चे नक्सा बनाएपछि भारत सरकारले त्यस क्षेत्रमा आफ्नो अधिकार थप मजबुत बनाउन निरन्तर विभिन्न गतिविधि गर्दै आएको छ । हाम्रो सरकार भने देखेको नदेखै गरेर मौनता साँधेर बसेको छ ।

ऐतिहासिक तथ्य प्रमाणअनुसार लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालकै भूमि हो । भारतले २०७६ कात्तिक १५ गते सन् २०१९ नोभेम्बर १ मा जम्मु कास्मिर र लद्दाखलाई भारतको राज्य बनाई राजनीतिक नक्सा जारी गर्ने सन्दर्भमा लिम्पियाधुरा, कालापानी र लिपुलेक समेतलाई आफ्नो नक्सामा समेट्यो । २०७७ जेठ ७ गते जारी नेपालको नक्सामा ती क्षेत्रहरू समेटिए पनि प्रशासनिक संरचनाको उपस्थिति गराउन सकेको छैन । राष्ट्रिय जनगणना २०७८ को टोली त्यसतर्फ जान खोज्दा भारतीय सीमा सुरक्षा बलले अवरोध खडा गरेको थियो । नेपालको चुच्चे नक्सा सार्वजनिक भएपछि भारतले त्यस क्षेत्रमा आफ्ना प्रशासनिक संयन्त्र र सुरक्षा संयन्त्र झनै मजबुत पार्दै लगेको छ । बाटो अझ फराकिलो र पक्की बनाएको छ ।

नेपाल सरकारले कुनै बाधा विरोध गर्ने जमर्को नगरेपछि भारतले आफूखुसी स्थायी संरचना निर्माण गर्ने, स्थानीयबासीलाई भारतप्रति झुक्न बाध्य बनाउन घुमाउरो पाराले सुविधा विस्तार गर्ने जस्ता कार्य खुलेयाम रूपमा गर्दै आएको छ । आफ्नो देशको सार्वभौमसत्ता जोगाउन एक शब्द खर्च गर्न नसक्ने सरकारले सिंगो देश कसरी जोगाउला भन्ने प्रश्न गम्भीर रूपमा उठेको छ । सरकारको नालायकीपनको आम जनताले भण्डाफोर गरेका छन् । यसैगरी नेकपा (माले), नेपाल मजदुर किसान पार्टी, नेकपा (एमाले) लगायतले अपिल प्रकाशित गरी नेपाली भूमिमा भारतले गरिरहेको सडक विस्तार र अतिक्रमणका सम्पूर्ण गतिविधिप्रति विरोध जनाएका छन् । सरकारले आफ्नो मुलुकको सार्वभौमसत्ताको रक्षा गर्न अविलम्ब कदम चाल्न आवश्यक छ ।

# खबरदार देशद्रोहीहरू !!! हाम्रा दिन आउँदा पाइपाइको हिसाब हुनेछ



## सुरेन्द्र ढकाल

**सन्दर्भ : राष्ट्रिय एकता दिवस**

अंग्रेजी पढेका पहिला राणा प्रधानमन्त्री चन्द्रशमशेर थिए । यिनले बेलायतसँग सन् १९२३ मा सन्धि गरेपछि लण्डनमा दुतावास खोल्ने नेपाल पहिलो एसियाली देश बन्न पुग्यो । त्यति मात्रै होइन, यस सन्धिपछि बेलायतले नेपालको राजालाई हिज मेजेस्ट्री भन्न थाल्यो । सन्धिपूर्व हिज हाइनेस भन्ने गर्दथ्यो । भनाइको मतलब यस सन्धिपश्चात् मात्रै बेलायतले नेपाललाई पूर्ण रुपमा स्वतन्त्र राष्ट्र मान्न थाल्यो । तत्पश्चात् नेपालका खान लाउन पुग्ने परिवारले आफ्ना सन्तानलाई उच्च शिक्षा दिलाउन भारत पठाउन थाले ।

नेपालमा कलेज नभएको कारण २००७ सालपछि पनि धेरै वर्षसम्म पटना विश्वविद्यालयबाट नेपालीहरू उच्च शिक्षा हासिल गर्थे । भारतमा स्वतन्त्रताको लहर चल्दा भारतलाई आफ्नो देश मान्ने तथाकथित नेपाली नेताहरू पनि सो आन्दोलनमा होमिए । भारत स्वतन्त्र भयो तर यिनीहरूले नेपाल स्वतन्त्र राष्ट्र हो, बेलायतले भारत छाड्न लाग्दा नेपालले सुगौली सन्धिपूर्वको आफ्नो इलाका फिर्ता पाउनुपर्छ भनेर कहिले आवाज उठाएनन, जबकी बेलायत सो फिर्ता दिन तयार थियो ।


भारतमा पढेका यस्ता नेताहरूको रगतमा भारतीय दासत्वको नुन मिसिन गएको कारण यिनीहरूका लागि नेपालको भन्दा पनि भारतको स्वतन्त्रता प्यारो थियो । यिनैका सन्ततिहरू आजकाल नेपालमा नेता भइटोपलेका छन् र भन्ने गर्छन् पृथ्वीनारायण शाहले नेपालको एकिकरण गरेको होइन रे, उनी राष्ट्र निर्माता होइनन् रे, उनको तस्विरमा माला लगाउन सकिन्न रे, क्रिसमसमा विदा दिन मिल्छ अनि पुस २७ मा विदा दिन मिल्दैन रे ।

एकिकरणपूर्व नेपाल खाल्डो भनेको काठमाडौं उपत्यका थियो । यदि पृथ्वीनारायण शाहले गोरखा राज्य विस्तार गरेको भए बेलायतले बनाएको त्यतिखेरको नेपालको नक्साअनुरुप यसको नाम गोर्खा साम्राज्य नै कायम हुने थियो, नेपाल हुने थिएन । तर गोरखा नभनेर युद्धमा हारेको नेपाल खाल्डोको नाम उनले किन रुचाए ? किन नेवारी समुदायको ज्यूँदो देवी कुमारीको खुट्टामा लम्पसार ढोग्न पुगे ? किनकी उनले नेपालको एकिकरण गरेका थिए, त्यसमा उनलाई गर्व थियो । एकिकरणका क्रममा सिन्धुलीमा ब्रिटिस फौजलाई हराउनु, मकवानपुरमा बंगालका नवाव मीर कासिमको फौजलाई हराउन सकेको कारण नै नेपालको एकिकरण सम्भव भएको थियो । ती युद्धहरूमा यदि गोर्खाली सेनाको हार भएको भए गोरखाले गरेको एकिकरण सम्पन्न नभई हालको दार्जिलिङजस्तो नेपाल केही वर्ष बंगालको अधिनमा अनि त्यसपछि ब्रिटिस उपनिवेश हुने थियो । यो ऐतिहासिक तथ्य हो ।

त्यसै ब्रिटिस राजले नेपालका राजालाई आफू बराबरी सम्झेर हिज मेजेस्ट्री भन्ने थिएन होला । उसलाई त्यस्तो भनन भनेर कसैले दबाब दिन सक्ने कुरा पनि थिएन ।





जुन बेला नेपाल एकिकरण सन् १८०२ मा सम्पन्न भयो तिब्बत हुङ वंशको अधिनमा गइसकेको थियो र पूर्व पश्चिम र दक्षिणमा नेपालको छिमेकी भनेको बंगाल, अवध र सिख थिए । भारत भन्ने देशको नाम निशान थिएन । आफ्नो ऐतिहासिक गर्व गर्न लायकको कुरालाई अवमूल्यन गर्दै नेपालको स्वाभिमानसँग जोडिएको राष्ट्र निर्माता पृथ्वीनारायण शाहको अपमान गर्नेहरू अंग्रेजले गुलाम बनाएको भारतीय दासका पनि महादास हुन् । बेलायतले भारत छोड्ने बेलामा यिनले टिस्टा काँगडाको नेपालका लागि उत्सर्ग नगर्नुले नै यिनीहरूले आफूलाई महादास प्रमाणित गरिसकेका हुन् ।

नेपालमा सच्चा राष्ट्रवादीको सरकार बनेको दिन यी महादास र यिनका सन्ततिहरूको हामीले कुन हविगत देखाइदिने छौं, त्यो हाम्रो मनमा राम्रै गडेको छ । सबै सच्चा देशभक्त नेपालीहरूको रगत तिमीहरूको जस्तो भारतीय गुलामी नुनले बिटुलिएको छैन । अहिले तिमीहरूले राष्ट्रवादको मुकुण्डो भिरेर देशभक्त नेपाली जनतालाई जसरी छकाइरहेका छौ, त्यो सधैं टिक्दैन । खबरदार देशद्रोहीहरू !!! हाम्रा दिन आउँदा पाइपाइको हिसाब हुनेछ ।

# बढ्दो कोरोना संक्रमण र सरकारको ढुलमुले प्रवृत्ति



## गोविन्द विक

भारतमा दिनकै ९० हजारभन्दा बढी कोरोना संक्रमणको दर बढ्न थालेपछि त्यसको प्रभाव नेपालमा पनि देखिन थालेको छ । पछिल्लो समय नेपालमा संक्रमण दर उकालो लाग्न थालेको छ । विश्व स्वास्थ्य संगठनले ओमिक्रोन भाइरसलाई समान्य नठान्न चेतावनी दिइरहेको परिपेक्षमा यसको संक्रमण तीव्र हुन राम्रो संकेत हैन । फेरि एकपटक तेस्रो लहरको कोरोना संक्रमणले त्रसित बनाउने अवस्था सिर्जना भइरहेको छ ।

कोरोना खोप लगाउने कार्य भइरहे तापनि संक्रमणसँग जुध्ने सरकारको पूर्व तयारी पर्याप्त देखिदैन । पहिलो भन्दा दोस्रो लहरको कोरोना संक्रमणले धेरैको ज्यान गएको थियो । संक्रमणमा ज्यान जानेभन्दा पनि अक्सिजन अभावले धेरै संक्रमितहरू हतोत्साहित भएर मृत्युवरण गर्नु परेको थियो । भारतमा संक्रमण दर तीव्र भएपछि नेपालमा पनि सावधानीमा कडाइ गर्नेतिर सरकारको ध्यान छैन । कोरोनासँग जुध्नका लागि पर्याप्त पूर्व तयारीहरू राज्य संयन्त्रबाट हुनुपर्ने कुरा विज्ञहरूले सुझाइ रहेका छन ।

खुल्ला सिमाना भएको हुनाले भारतको उच्च दरले नेपालमा प्रत्यक्ष असर देखिन्छ नै । नाकामा कडाइ गर्ने र स्वास्थ्य मापदन्ड पालनासहित सर्तकता अपनाउनका लागि सबैलाई सचेत गराउने काममा सरकार चुकिरहेको छ । कोरोना संक्रमण दर उकालो लाग्ने त छँदैछ, त्यसको अलावा संसदको गतिरोध हटाउने एमसीसी मुद्दालाई टुंगो लगाउने जिम्मेवारी गठबन्धनीय सरकारको काँधमा चुलिँदो छ ।

पार्टीको महाधिवेशनका कारण प्रधानमन्त्री आफैं पनि महाधिवेसनमा व्यस्त देखिए । अहिले महाधिवेशन लगायतका कामहरू पनि समापन भैसकेका छन् । अब सरकारको पहिलो ध्यान कोरोना संक्रमण नियन्त्रणका लागि तयारी संरचना निर्माणतिर जानु जरुरी छ । तेस्रो लहरको कोरोना संक्रमणले विशेष गरी बालबालिकाहरूलाई प्रभावित पार्ने हुनाले सरकारले १० वर्षमुनिका बालबालिकाहरूका लागि पनि खोप उपलब्ध गराउनका लागि सम्बन्धित निकायमा पहल गर्न जरुरी छ ।

विश्वका धनी राष्ट्रहरूले खोप उत्पादनको काम धमाधम गरिराखेको अवस्था छ । सरकारले खोप आयातलाई विशेष चासोका साथ काम गर्नुपर्ने देखिन्छ । सरकारले अक्सिजन प्लान्टको व्यवस्था, होल्डिङ सेन्टरको व्यवस्था आइसोलेसन सेन्टरहरूको थप व्यवस्थामा जोड दिनुपर्ने देखिन्छ । सरकारले धेरै भीडभाड हुने स्थानमा भीड नगर्नका लागि सबैलाई सचेत गराउने हवाइमार्गबाट नेपाल भित्रिनेहरूलाई विशेष निगारानीसहित तत्काल कोरोना परीक्षण गर्ने व्यवस्था सरकारले तयारी अवस्थामा राख्नुपर्ने भएको छ ।

समयमा नै संक्रमण रोक्ने उपायमा सरकारको ध्यान नजाने हो भने एकैपटक दशौं हजारको दरमा फैलिन थालेपछि सरकारको स्रोतले नभ्याउने अवस्था हुन्छ अनि संक्रमणका कारण निमुखा जनताहरूले मर्नुको विकल्प हुँदैन ।

कोरोना संक्रमणबाट बच्नका लागि जनस्तरबाट पनि त्यत्तिकै सजगता अपनाउन आवश्यक छ । सरकारले आयात गरेको खोप पनि उचित रुपमा लगाउने व्यवस्था मिलाइ राखेको छैन । भेरोसेल जोन्सन जोन्सनको खोप ठूलो मात्रामा आयात गरी भन्डारण गरे पनि न्यायोचित रुपमा नागारिकलाई खोप दिने व्यवस्था छैन । पहिलो दोस्रो खोप पालैपालो लगाउने व्यवस्था सरकारले गर्नुपर्ने तर व्यावहारिक रुपमा त्यसो हुन सकिरहेको छैन ।

नागारिकलाई पूर्ण रुपमा संक्रमणबाट जोगाउने जिम्मेवारी सरकारको नै हो । सरकारले सवै नागारिकलाई समान रुपमा खोपको व्यवस्थापन गर्ने पहिलो जिम्मेवारी हो । पहुँच हुनेहरूले बुस्टर डोज पनि लगाउन भ्याइसके निमुखा जनताहरूले पहिलो पटकको खोप पनि लगाउन पाएका छैनन् । कतिपय देशमा बुस्टर डोज खोप तीव्र रुपमा नागारिकहरूलाई लगाउन थलिसकिएको छ । तर हाम्रो मुलुकमा पहुँच नहुने निमुखा सर्वसाधारण जनताका लागि बुस्टर डोज खोप आकासको फल हुने अवस्था देखिँदैछ ।

पहिलो पटकको खोप त पाउन कठिन हुने जनताले बुस्टर डोज खोप सम्झिने मात्र बन्दैं गइरहेको छ । यसकारण सरकारको पहिलो ध्यान नै पर्याप्त खोपको व्यवस्था गर्ने, स्वास्थ्य मापदन्ड पालनामा कडाइ गर्ने, भारतबाट आउने नाकामा कडाइ गर्ने, संक्रमितहरूलाई पर्याप्त आइसोलेसनको व्यवस्था गर्ने लगायतका काम तीव्र रुपमा गर्न जरुरी छ ।

# विद्या भण्डारीसँगको जम्काभेट

## सुदर्शन प्रधान

मेरो शब्दहरूले भण्डारी अध्यारो मुख लिएर फर्किन् । त्यसबेला लमजुङ जिल्लामा नेकपा (एमाले) को मूल नेतृत्व पृथ्वी सुब्बा गुरुङ मायाँ नाथ अधिकारी, जमिन्द्रमान घलेहरू थिए । नेकपा (माले) का नेताहरू चाहिँ महेन्द्रलाल श्रेष्ठ, गुमान सिंह अर्याल, बालकृष्ण बराल हरू थिए ।मेरो अधिक उठबस मालेका साथीहरू हुन्थे । जुन कारणले भण्डारीलाई सिधै म कहाँ पठाएको अनुभूती गरें । यद्यपी म कुनै पार्टीमा आबद्ध थिइन् बरु जनयुद्ध हाँकीरहेको नेकपा (माओवादी) लाई मेरो सहयोग र समर्थन थियो । तिनको दैनिक गतिविधि र घटनाक्रम प्रति मेरो कान सधैं ठाडो भईरहन्थ्यो ।

**तेस्रो जम्काभेट-** राजा विरेन्द्रको वंश २०५८ जेष्ठ १८ कोराती विनाश भएपछि नेपालको राज्य सत्ता क्रमश राजा ज्ञानेन्द्रले कब्जा गऱ्यो र हुकुमी शासन चलाउन थाल्यो भनौं संसद विघटन गरी कांग्रेस र नेकपा (एमाले) लाई असक्षम र अयोग्य घोषणा गर्दै शाही सेनाको आडमा जनयुद्धलाई ध्वस्त पार्न पूर्व पन्चहरूको आड लियो । कांग्रेस र एमालेले राजासँग मिलेर जान तयार भएको उद्घोष गऱ्यो तर ज्ञानेन्द्रले तिनलाई पत्याएन । त्यसपछि मात्र कांग्रेस र एमालेका नेताहरू नेकपा (माओवादी) सँग सिलगढी त कहिले रोल्पा अनि दिल्लीमा गई वार्तालाप गर्न थाले । २०६२ मंसिरमा यहाँको ७ वटा राजनैतिक पार्टीहरूले माओवादीसँग दिल्लीमा १२ बुदें सहमति गरे । त्यसपछि देशभित्रको जनआन्दोलनले गति लिन थाल्यो । दुई सयको जुलुशलाई पानसय जना प्रहरी र सशस्त्र प्रहरीको घेरामा पारी लाठी अणु ग्यास र बुटले आन्दोलनकारीलाई दमन गर्थे । जेलनेल हाल्थे । देशभरि राजा ज्ञानेन्द्रको हुकुमी शासन सन्त्राश र आतंक थियो । नेकपा (माओवादी) का जनमुक्ति सेना मात्र ज्ञानेन्द्रमा शाहि सेनाहरूसँग जीवन मरणको युद्ध लडिरहेको थियो, रोल्पा रुकुम सल्यान जिल्लाहरूमा र दुरदराजका गाउँ बस्तीहरूमा । २०६२ श्रावण महिनामा सात दलको विरोध सभामा भाग लिएर फर्कदा विशाल बजारमा विद्या भण्डारी भेट भयो । उनी पनि कार्यक्रममा भाग लिएर आएको थाहा पाएँ । बाटोमा हामी छलफल गर्दै आयौँ, धेरै शब्दहरू त मैले नै बोले ।

'राजनैतिक सत्ताको जन्म बन्दुकको नालाबाट हुन्छ भनेर माओत्सेतुङले किन भनेको भने' मैले भन्दै गए 'चीनमा च्याङ काईसेकको सेनाले जनतामाथि अकल्पनिय शोषण र दमन गर्थे । चिनीया लाल सेना भएको ठाउँमा मजदुर, किसानहरूको जीउ ज्यान र धन सम्पत्तिको पनि सुरक्षा हुन्थ्यो तर लाल सेना नभएको ठाउँमा कसैको पनि कुनै कुराको सुरक्षा र शान्ती हुन्थेन । तसर्थ यहाँ माओवादी जनयुद्धसँग तपाईंहरूको आन्दोलन जोडिनु पर्छ । तपाईहरू माओवादीहरूले आफ्ना नेता र कार्यकर्ता मारे भन्नु हुन्छ तर गुप्तचरी गर्ने सेना प्रहरीहरूलाई सूचना दिनेहरूलाई मात्र त्यसो गरेको हो । यो त युद्धको नियम हो, आफ्ना सहयोगीहरूको सुरक्षा गर ! दुइमनलाई नाश गर !.....।' हामी आजको एनएसी आइपुग्यौं । भण्डारी चावेलतर्फ जाने ट्म्पो चढीन् फोन नं. लिएर म पनि बालाजु तर्फ लागें ।

नभन्दै २०६२ मंसिर देखि २०६३ बैशाख सम्म संयुक्त जनआन्दोलनको आँधी चल्यो । मूल त ७ दलले शान्तीपूर्ण र नेकपा माओवादीले शसस्त्र संघर्षलाई शिखरमा उठायो । यो शान्तीपूर्ण र शसस्त्र संघर्ष परिपूरक थियो । जुन शक्ति र श्रोतको हुँकार देखेर राजा ज्ञानेन्द्र र शाही सेनाले घुडाँ टेके । जनयुद्धको दश वर्ष र १९ दिने जनआन्दोलनमा सहिद भएका योद्धाहरू प्रति मेरो असिम श्रद्धा छ । तिनमा मेरा ३ जना कमरेडहरू जनयुद्धमा शाहि सेना र नेपाल प्रहरीको गोली लागेर ढले । ती प्रति असिम श्रद्धा व्यक्त गर्दछु । प्रथम - चितवन नलुङटारका गम बहादुर तमाङ (वर्मा), द्वितिय - धाडीङ नालाङका हरि प्रसाद तिमिल्सिना (जनक) र तृतीय-तनहुँ बन्दिपुर नाहालाका शोभाकान्त पोखरेल । हुन सक्छ यि विर शहिदहरूले आजसम्म बाँचीरहेको पंक्तिकारको भावना र विचारलाई आत्मासात गरे त्यो रणभूमिमा कुदेको थिए । तिनमा हरिप्रसाद तिम्सीना (जनक) माओवादी जनयुद्ध भरिको सर्वोच्च शहिद हुन् । कसरी ? त्यसबारे विस्तृत व्याख्या हुदैछ ।

# मैले देखेको १९१ औं विश्व पर्यटकीय स्थल
# वार्सेलोनाको साग्रादा फामिलयाको वासिलिका

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा वासिलिका यस्तो देखिन्छ



वासिलिकाको कलात्मक भित्री भाग

वार्सेलोनाको ऐतिहासिक म्युजियम परिसरबाट निस्कँदा करिब १२ बजेको थियो। त्यहाँबाट वार्सेलोनाको विश्वविख्यात साग्रदा फामिलियाको वासिलिका ३ किलोमिटरभन्दा केही बढीको दूरीमा रहेछ। वार्सेलोना शहर घुम्दै हेर्दै अगाडि बढेको हुँदा हामीलाई मजै भइरहेको थियो। करिब सबा घण्टाको हिँडाइपछि हामी वासिलिका परिसरमा पुग्यौं।

**साग्रादा फामिलयाको वासिलिका**

कातालन भाषामा Basílica de la Sagrada Família भनिने यो एक विशाल चर्च विख्यात कातालन वास्तुविद (आर्किटेक्ट) आन्तोनि गाउदीले डिजाइन गरेका रहेछन्। उनको जीवनकाल १८५२ र १९२६ बीचमा बन्न सुरु भएको यो भवन युनेस्कोको विश्व सम्पदा सूचीमा परेको रहेछ। यस वासिलिकाको वास्तुपूजा (consecration) सन २०१० को नोभेम्वर ७ मा आएर मात्र पोप बेनेडिक्ट १६ औंले गरेका रहेछन्। गोथिक शैलीमा निर्मित यस वासिलिकाको खास निर्माण आरम्भ सन् १८८२ मा भएको र गाउदीको मृत्यु हुँदा निर्माणको एक चौथाइमात्र सम्पन्न भएको रहेछ।



वासिलिका भित्रको मुख्य भाग यस्तो देखिन्छ

यस चर्चको निर्माण धेरै मन्द गतिमा हुनुको कारण एक त व्यक्तिगत रुपमा दिइने चन्दा यसको मुख्य स्रोत भएको र अर्कोतर्फ निर्माण अवधिमा भएको स्पानिस गृहयुद्धको कारण पनि रहेछ। मृत्युपश्चात् वास्तुविद् गाउदीलाई यसै वासिलिकाको भुइँतला (Crypt) मा गाडिएको रहेछ। गृहयुद्धताका क्रान्तिकारी भनिनेहरूले यस निर्माणाधीन चर्चमा आगो लगाइ गाउदीको मौलिक कलालाई क्षति पुऱ्याएका रहेछन् जसलाई जस्ताको तस्तै बनाउन १६ वर्षको अवधि लागेको रहेछ। सन् १९५० मा यसको निर्माणले निरन्तरता पाएपछि भने यसको प्रगतिले तीव्र गति लिएको रहेछ। यस वासिलिका विश्वविख्यात हुनुको रहस्य यस वासिलिकालाई "it is probably impossible to find a church building anything like it in the entire history of art " भनेर यस चर्चको महत्वको उजागर गरेको पाइयो।

वास्तुविद गाउदीको असाधारण कलात्मक सिर्जनाको रुपमा यस वासिलिकालाई चिनाइँदो रहेछ। यस वासिलिका एक पुस्तक बिक्रेता जोसेप मारिया बोकाबेल्लाको प्रेरणाको कारणले निर्माण हुन गएको रहेछ। उनी सन १८७२ क्रिश्चियन धर्मको केन्द्र मानिने भेटिकन सिटी पुगेका रहेछन्। त्यहाँबाट फर्केपछि उनले सान्ता कासाको वासिलिका देखेर त्यस्तै चर्च वार्सेलोनामा पनि बनाउने योजना बनाएछन्। जसअनुरुप उनले चन्दा संकलन कार्य सन १८८२ मा शुरु गरी त्यही सालको १९ मार्चमा गोथिक शैलीमा वासिलिकाको छिँडीको निर्माण कार्य वास्तुविद फ्रान्चिस्को दे पाउलाको डिजाइन अनुरुप शुरु गरेका रहेछन्। तर छिडीको निर्माण कार्य सम्पन्न हुँदा नहुँदै वास्तुविद फ्रान्चिस्कोले काम छाडेर हिँडेको कारण वास्तुविद आन्तोनी गाउदीको जिम्मामा डिजाइनको काम आएछ। उनले जिम्मा पाएपछि वासिलिकाको डिजाइनलाई पूरै परिवर्तन गरेका रहेछन्।



गहन रूपमा कुँदिएका वासिलिका टावर र प्रवेशद्वार



वासिलिकाको छिँडी (Crypt) यस्तो रहेछ

सन् १९४० देखि फ्रान्चेस क्विन्ताना नामक अर्का वास्तुविद र उनको समूहले निरन्तर लागेर निर्माण कार्य सम्पन्न भएको रहेछ। यही चर्चको परिसरमै गाउदीले सन १९०९ मा डिजाइन गरेको साग्रादा परिवारको विद्यालयको भवन पनि रहेछ जस्मा वासिलिका निर्माणमा लागेका ज्यामी डकर्मीका छोराछोरीलाई पढाउने गरिँदो रहेछ जुन विद्यालय भवनलाई सन २००२ पछि अभिलेखालयमा रुपान्तरण गरिएको रहेछ। युरोपका विभिन्न शहरमा भएका वासिलिकाको तुलनामा यस साग्रदा फामिलियाको वासिलिका सानै भए पनि यस वासिलिका भित्रका दुई लहरको कक्ष (Aisle) सहित सात गुम्वज (Chapel), तीनवटा गहन रुपमा कुँदेर बनाइका बेग्लै स्वरुपको प्रवेशद्वार (Portals), परम्परागत चर्च निर्माण शैलीभन्दा फरक छतसहितको हिँडने बाटो (Cloister) आदि यस्ता कुराहरू रहेछन जसले वास्तुविद गाउदीलाई विश्वविख्यात बनाएको रहेछ र यसलाई वास्तुगत अनौठो सिर्जना मानिदो रहेछ। हामी करिब दुइ घण्टा त्यहाँ बिताई पैदलै लज फर्केर त्यसै रातको रेल लिएर भोलिपल्ट फ्रान्सको Metz शहर पुग्यौं।



वासिलिकाको छतसहितको हिँडने बाटो (Cloister)यस्तो रहेछ



वासिलिकाको छिँडीमा रहेको विश्वविख्यात वास्तुविद गाउदीको चिहान



प्रवेशद्वारमा कुँदिएको कला यस्तो रहेछ

कथा

# गौरी–२

गुरुदत्त ज्ञवाली

त्यसको भोलिपल्ट, गौरीको मोबाइलमा किरिर्र घण्टी बज्यो। गौरी फूलमाला बेच्नमा ब्यस्त थिइन्। पहिलो राउण्डको घण्टी उठाउन फुर्सद भएन उनलाई। शङ्कर नजिकै थिए। उनी त्यति ब्यस्त पनि थिएनन्। तर, गौरीको फोन उठाएनन्। श्रीमान श्रीमती भएर पनि अर्काको फोन उठाउने चलन थिएन त्यतातिर। यहाँसम्म कि मोबाइल समेत छुन पाइन्नथ्यो। आनन्दले पुनः फोन गरे। दोस्रो फोन पनि उठेन। आनन्दले तेस्रो पटक पनि फोन गरे, गौरी आफ्नो काम छोडेर फोन उठाइनन्। उनले आनन्दको फोन भन्ने कुरा अलिकति पनि अन्दाज गरिनन्। अबभने आनन्दको मनमा कुरा खेल्न थालेका थिए। त्यस्तैमा गौरीको फोन आयो।

'हजुर दाजु, म अलि ब्यस्त भएँ, अलि गम्भीर अवस्थामा पनि रहेँ। सम्पर्क गर्न सकिन।' आनन्दले सुन्दै गए गौरीका कुरा। 'मन दुखाएकी होइन दाजु। हेमन्तसँग सबै कुरा गरेँ। हजुर, आभारी छु दाजु। हामी आउछौँ। खुसी छु।' गौरी बोलेका कुरा। आनन्द बोलेको आवाज सुनिएन। गौरीका अनुसार शङ्करको उपचारको निम्ति बुटवल जाने कुरा भयो। कथासङ्ग्रहको बारेमा भने फोनमा कुरा भएनन्। पतिको उपचार जस्तो महत्वपूर्ण बिषयको अगाडि अरु कुरा गरेर आनन्दलाई बोझ थप्न पनि चाहिनन्। तर, उनले प्रकाशोन्मुख पुस्तकको पाण्डुलिपि आनन्दलाई इमेल गरिन्। इमेल गर्दैछु भन्ने कुरा पनि फोनमा भनिनन्।

फागुन महिना थियो। गौरी र आनन्दका फोनवार्ता हुँदै गर्थे। उता हेमन्तसँग पनि सरसल्लाह भएको थियो। त्यसै अनुसार गौरी, शङ्करको उपचारको निमित्त नेपालतिर लाग्ने तयारी भयो। त्यसभन्दा पहिले उनले हेमन्तको निवासमै गएर सबै जानकारी लिइन्। हेमन्त र उनकी श्रीमतीले आमालाई भनेर केही उपहार पठाए। हेमन्त र गौरीको परिवारमा एकप्रकारको निकटता कायम भएकै थियो। त्यस्तै गौरीले पनि भाउजुलाई भनेर अलिकति शृङ्गारका सामग्री किनिन्। उनले आनन्दको लागि पनि कुनै उपहार लैजाउँ कि भन्ने लागेको थियो। हेमन्तले त्यो कुरो थाहा पाए। हुनसक्छ, उनीहरूको आपसमा कुराकानी भएको थियो। हेमन्तले भने, 'बुवालाई कुनै उपहार दिएर गुन लगाउन खोजेको जस्तो हुन्छ। उहाँले मन पराउनु हुन्न। त्यसैले कुनै उपहार नलैजानु होला दिदी।'

गौरी र शङ्कर सिडनीबाट स्थानीय समयानुसार बिहानको आठ बजे उडे। एयरपोर्टसम्म हेमन्त नै छोड्न गएका थिए। अष्ट्रेलियन एयरलाइन्सको बिमानबाट आठ घण्टामा उनीहरू सिङ्गापुर पुगे। सिङ्गापुरमा पाँच घण्टाको ट्रान्जिट रह्यो। त्यसपछि सिङ्गापुर एयरलाइन्सबाट पाँच घण्टामा काठमाण्डौ उत्रे। समय हिसाब गर्दा बिहानको आठ बजे चढेको, उसैदिनको साँझको नौ बजे काठमाण्डौ। जम्मा तेह्र घण्टा। 'सिङ्गापुरमा बसेको पाँच घण्टा कता हरायो? देसान्तरको कारणले पारेको समयान्तर।' गौरी र उनका पतिले आपसमा गफ गरे। उनीहरू त्यो रात काठमाण्डौको कुनै लजमा बसे। अर्कोदिन बिहान, गौरीका जोडी हवाइमार्ग हुँदै भैरहवा पुगे। भैरहवा बिमान स्थलमा आनन्द र उनकी छोरी पुगेका थिए। गौरी र शङ्कर सहित सरासर उनीहरू बुटवलको सिन्दूर होटलमा पसे।

खानपीन पछि उनीहरू शङ्करको उपचारको निमित्त अस्पतालमा गए। डा.मोहन त्यहीँ थिए। उनैले बिरामीलाई जाँचे। जाँचेपछि उनी एक्लै मुसुक्क हाँसे र प्रशन्नताको टाउको हल्लाए, बोलेनन्। 'कस्तो अवस्था छ डा'टसाहेब?' आनन्दले मौनता भङ्ग गर्दै सोधे। के जवाफ दिन्छन् डाक्टरले भन्ने उत्सुकता गौरीको मनमा पनि थियो। डक्टरले भने, 'सामान्य अवस्था छ तर एकहप्ता भर्ना हुनुपर्छ। पुरै ठीक हुन्छ।' अरु धेरै कुरा बोलेनन्। बिरामीलाई त्यसैदिन भर्ना गरियो। उपचार खर्चबारे थप कुरा भएनन्।

बिरामीलाई भर्ना गरेपछि गौरी एक्लै होटलमा बस्ने कुरा भएन। कुरुवा बस्नुपर्ने अवस्था पनि भयो। अनी भएको झोला झिटी बोकेर आनन्दको घरमा राखे। रातको कुरुवा आनन्दको सानो छोराले जिम्मा लिए यद्यपि अस्पताल प्रशासनले कुरुवा बस्न आवश्यक छैन, अस्पतालले हेर्छ भनेको थियो। यसको मतलव गौरीले रातमा बिरामी कुर्नु परेन। दिउसोमा मात्र उनले हेर्ने भइन्। त्यसो त दिउसोमा आनन्दका परिवार समेतले साथ दिन सक्थे। यसकारणले आनन्दको परिवार अस्ट्रेलिया देखि बुटवलसम्म नै पारिवारिक वतावरणमा अझै नजिक हुन पुगे। गौरी, आनन्दको परिवारसँग एकैदिनमा झिम्मिइन्।

त्यो साँझ गौरी र आनन्दको परिवारमा सामान्य गफ मात्र भए। अरु कुनै गफ भएनन्। थाकेकी र मानसिक तनावको कारणले गौरी बेलैमा सुतिन्। उनको मनमा एकप्रकारको आनन्द महसुस भएको थियो। पतिको उपचार हुन पाउनु सबैभन्दा ठूलो सन्तोष थियो। आनन्दका परिवारले सहयोग गर्नु अझै ठूलो कुरो लाग्यो। उनले सच्चा माइती भेटाइन्। यो यस कारणले पनि महत्त्व भयो कि गौरीको माइती कोही थिएनन्। टुहुरी नातिनी मावलमा हुर्केकी। मावलका हजुरबा आमाले पाले हुर्काएका। मामाहरूको स्नेह पाएकी। उनका बाबा आमा, उनी सानै छँदा गाडी दुर्घटनाबाट बितेका, एक्ली छोरी। न दाजु भाइ, न त दिदी बहिनी। यी सबै कुरा सम्झँदा ढक्क मुटु फुलेर आयो। रोइन् उनी।

बिहानी गौरी सबेरै उठिन्। लगभग नन्द भाउजु सँगै उठे। आनन्दकी छोरी सुतेकै थिइन्। आनन्द बिहानै उठेर अस्पतालमा छोरालाई पालो दिन गए। त्यसैदिन शङ्करको अप्रेशन गर्ने तयारी पनि हो। गौरी र भाउजुले मिलेर नित्यकर्म सके। अनि चिया खाँदै गर्दा गौरीले भाउजुलाई भनेर ल्याइदिएको उपहारको पोको खोलिन्। 'भाउजु हेर्नुस् त, हजुरलाई शृङ्गार सामग्री ल्याइदिएकी छु।'

भाउजुले खोलेर हेरिन्। हुन त लिपिस्टक, चिपिस्टक, क्रीम, नङपालिश आदि यस्तै यस्तै सामान थिए। तर, भाउजु निकै खुसी भइन्। संयोग, भाउजुका अरु दिदी बहिनी छैनन्। न त नन्द आमाजु नै। बनेकी नन्द, उनलाई साख्खै नन्द भएको अनुभूति भयो। हर्षका आँसु झारिन् भाउजुले। अनि गौरीले आनन्दको सानो छोरालाई मोबाइल ल्याइदिएकी, उ पनि खुसी भयो। छोरीलाई भने अलि फर्माएर ल्याइदिइछन्। लुगा, मोबाइल, सेण्डिल र अरु अरु धेरै। हेमन्तले पठाएको सामान भने गौरीले हिजो साँझ नै बुझाएकी थिइन्।

भात खाएपछि गौरी, भाउजु लगायत सबै अस्पतालमा गए। बिरामीसँग सामान्य भेट भयो। त्यसपछि अप्रेशन थियटरतिर लगे। त्यसै अवधिमा गौरीका छोरा र छोरीको फोन आयो। गौरीले सबै कुरा बताइन्। छोराको पढाइको कारणले आउन नसक्ने कुरा गरे। छोरी भने बुटवल आउने तयारीमा रहेको कुरा गरिन्। 'बुवाको अप्रेशन भएपछि कस्तो अवस्था हुन्छ, अनि आउनु।' गौरीले भनिन्। छोरी उनकी आमा गौरीको फोनको प्रतीक्षामा बसिन्।

तीन घण्टापछि शङ्करको सफल अप्रेशन भएको खबर आयो। डक्टर मोहनले आनन्द र गौरीको सामु खुसी ब्यक्त गर्दै भने, 'अप्रेशन त जटिल नै हो तर सफलतापूर्वक सम्पन्न भयो। जहाँसम्म बिरामी पुरानै अवस्थामा आउने सम्भावना छ।' सबैजना खुसी भए। गौरीको त झन खुसीको सीमा रहेन। त्यसपछि गौरीले छोरीलाई सबै कुरा गर्दै, 'छोरी, तिमीले दुःख नपाउ। आाउनु पर्दैन। यहाँ सबै सुबिधा र सहयोग पाएकी छु।' भनिन्। एउटा दुःखद अवस्थाको अन्त्य भयो गौरीको।

बिरामीलाई बिशेष कक्षमा राखिएको हुनाले त्यो रात कुरुवा बस्नु परेन। सबै प्रबन्ध अस्पतालकै जिम्मामा रहने भयो। त्यसै साँझ गौरीले आनन्दलाई भनिन्, 'दाजु, बिरामीको उपचार पहिलो प्राथमिकता भएको हुनाले मैले केही भन्न सकेकी थिइन। मेरो कथासङ्ग्रहको बारेमा मेल गरेकी थिएँ। कथाबारे के कस्ता छन्, सम्पादन तथा प्रकाशनको जिम्मा हजुरलाई दिएकी छु।' आनन्दले मेल खोलेर हेरिसकेका रहेछन्। उनले भने, 'साना ठूला गरेर बीसवटा कथा रहेछन्। तीनवटा कथामा शीर्षक मिलेका छैनन्। उपयुक्त शीर्षक मिलाए मात्र पुग्छ। एउटा कथामा अलि बढी सम्पादनको खाँचो छ। र, बीसौँ कथा '।' उनी अलमलमा परे। भनुँ कि नभनु भयो उनलाई। 'भन्नुस् न दाजु। के भयो एउटा कथा?' गौरीमा कौतुहलता जाग्यो।

गौरीको बीसौँ कथा, कथाको नियमले ठीक छ। कलात्मक पनि। तर, बढी शृङ्गारिक। बढी प्रेममय। चरित्र वा स्वभावका दृष्टिले गौरीसँग खासै नमिल्ने। त्यस कथाको भावना र गौरीको भावनामा थोरै भिन्नता पनि। कुन मुडमा लेखिन् थाहा भएन। आनन्दलले भने, 'यो कथा अरु कथाभन्दा फरक छ। तर, तिम्रो इच्छामा मैले हस्तक्षेप गर्नु हुँदैन। यसलाई अलिकति मिलाउनु पर्छ भन्ने लागेको छ। औसतमा अरु कथाहरूको जस्तो दृष्टिकोण स्पष्ट हुनु जरुरी देखिन्छ।' आनन्दको भनाइमा गौरी सहमत भइनन्। उनले शब्दले त केही बोलिनन् तर अनुहार बोल्यो। 'सामान्य हेरफेर गरेपछि त्यो कथा पनि सदर हुन्छ।' आनन्दले दोहोर्‍याएर भने। सम्पादनको जिम्मा आनन्दको हातमा गयो।

एकहप्ता सम्म कथाको बिषयमा गौरी बोलिनन्। फुर्सद पनि भएन र आवश्यकता पनि परेन। एकहप्तापछि आनन्दले कथा सम्पादन गरेर सके। उता शङ्कर पनि अस्पतालबाट डिस्चार्ज हुनेबेला भयो। अन्तिम दिन अस्पतालमा भएको खर्चको हिसाब निस्क्यो। आनन्द, गौरी र डक्टर मोहन सँगै थिए। आनन्दकी बहिनी भनेर अलिकति डिस्काउन्ट समेत गरे मोहनले। यसरी जम्मा दुईलाखमा उनीहरू उम्के। यस कुराले गौरी निकै प्रसन्न भइन्। बाँकी एकहप्ता आनन्दकै घरमा आराम गरे बिरामीले। सोह्रौँ दिनमा शङ्कर बिना बैसाखी हिड्नु पर्ने बाटोमा बिस्तारै हिँडेरै अस्पताल सम्म गए। साथमा गौरी र आनन्द थिए। शङ्करको स्वास्थ्य ठीक देखियो।

'झरना कथासङ्ग्रह' गौरीकी छोरी झरना। छोरीको नामबाट कथासङ्ग्रहको नाम राखिन् उनले। बीसौँ कथाको टुङ्गो लागेको थिएन। आनन्दको मन पनि रमाएको थिएन त्यस कथाको बारेमा। आनन्दले गौरीलाई सोधे, 'के गरौँ, राखिदिउँ?' गौरी बोलिनन्। उनले मनमनै सोचिन्, 'के खराबी छ यो कथामा? न कुनै असभ्य शब्द छन्। न कुनै प्रेम प्रशङ्ग छ। छ त केवल साथी साथीका गफ छन्, आत्मीय गफ। त्यत्ति हो, साथी पुरुष र महिला छन्। यो कुरा किन पचेन दाजुलाई?'

गौरीको भावना बुझे आनन्दले। र, सामान्य हेरफेर गरेर त्यो कथा पनि सदर भयो। त्यसपछि त्यो पुस्तक उसैदिन सेटिङ्गमा गयो। गौरी, उनका पति शङ्करको सफल उपचार सम्पन्न भएको थियो। उनी अस्ट्रेलिया फर्कने तयारीमा थिइन्। तर, दाजुको आग्रह तथा उनकै रहरमा पनि कथासङ्ग्रह विमोचन गरेर मानसिकता बनेको थियो। तेस्रो हप्ता पनि बस्नु पर्ने भयो। त्यसै हप्तामा पुस्तक छापियो। पुस्तक छापेर सकेकै दिन विमोचन पनि भयो।

कथाकार गौरीको 'झरना कथासङ्ग्रह' विमोचन बुटवलको सिन्दूर होटलको हलमा भएको थियो। धेरै वक्ता तथा पाठकले गौरीको प्रशंसा गरे। समीक्षकले उत्कृष्ट रचना भनेर टिप्पणी गरे। गौरी पनि बोलिन्। उनी अलि भावुक पनि भइन्। रोइन् नै। संयोगले जुरेको सुखद क्षण। उनले आफ्नो मन्तब्यमा सबै कुरा भनिन्। अन्तरमनका सबै सबै कुरा! उनका कुरा सुनेर त्यहाँ उपस्थित सबैजना भावुक भए। रोए बेस्सरी।

भोलिपल्ट गौरीका परिवार अस्ट्रेलिया फर्कने दिन। आनन्दको घर गौरीको माइत। दाजु, भाउजु, भदा भदै, कति रमाइलो क्षण! कति गहन आत्मीयता! बिदा हुँदैछन् उनीहरू। बिदाइको अवसरमा सबै भावुक भए। गौरी डाँको छोडेरै रोइन्। शङ्कर, उनी पनि भावुक भए। आँसु पुछे रुमालले। भाउजु, उनी अझै भावुक भइन्। रोइन् उनी पनि। धेरै बोल्न सकिनन्, बक्के आएन। यतिसम्म भनिन्, 'तीजमा आउनु होला हइ नानी!'

उनीहरू गए। भैरहवा पुगे। जहाज उड्नुअघि बिदाइ हुने बेलामा गौरीले आनन्दलाई भनिन्, 'दाजु, बीसौँ कथा जो हजुरले टीका टिप्पणी गर्नु भएको थियो नि! त्यो कथा दाजुकै सम्झनामा लेखेकी हूँ। क्षमा गर्नु होला।' गौरीले बिदाइको हात हल्लाउँदै भित्र पसिन्। आनन्दले प्रत्युत्तरको हात त हल्लाए तर गौरीको भनाइको प्रतिकृया जनाउन पाएनन्। 'बीसौँ कथा दाजुकै सम्झना' आनन्द झल्याँस्स भए।

(तिलोत्तमा, रुपन्देही)

# चिसोबाट कसरी बच्ने ?



बढ्दो चिसोसँगै शीतलहर र हिमपातले केही समययता जनजीवन प्रभावित बनिरहेको छ। चिसो मौसमले फ्लुलगायत स्वास्थ्य समस्या निम्त्याउँदा अस्पतालहरूमा बिरामीसमेत बढ्न थालेका छन्। खासगरी, बालबालिका, गर्भवती, वृद्धवृद्धा र दीर्घरोगीहरू बढी प्रभावित भइरहेका छन्। यस्तै, कोभिड संक्रमणका कारण गम्भीर बनेका वयस्कहरूमा समेत चिसोले चाँडै थप समस्या बढाउने जोखिम पनि छ। कोभिड संक्रमणको अर्को लहरको जोखिम बढेको र मौसमका कारणसमेत स्वास्थ्यमा समस्या देखिन थालेकाले विशेष ध्यान दिन आवश्यक छ।

चिसोले विशेषगरी रुघाखोकी, ज्वरो, निमोनियाजस्ता समस्या पार्ने गर्छ। यसबाहेक दम, बाथ र अन्य दीर्घरोगीलाई पनि चिसो घातक हुन्छ। उपचारका लागि अस्पताल आउने अधिकांश बिरामीमा मांसपेशीको दुखाइ र अत्यधिक कमजोरीपन देखिएको छ। त्यसैले चिसोबाट बच्न सावधानी अपनाउनुको विकल्प छैन।

स्वास्थ्यसम्बन्धी कुनै पनि समस्या जस्तै- ज्वरो, रुघाखोकी, झाडापखाला, श्वासप्रश्वासमा समस्या, शरीर दुखाइ, निमोनिया र दमको समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ। आफैँले जथाभावी औषधि सेवन गर्नुहुँदैन।

- चिसोबाट बच्ने पहिलो उपाय भनेको शरीर पूरै ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाउने नै हो। चिसोमा वृद्धवृद्धा, बालबालिका र दीर्घरोगीहरू सकेसम्म अत्यधिक चिसो हुने स्थानमा जानुहुँदैन।
- हिउँ खेल्ने र रमाइलोका लागि घुम्न जाने पर्यटकहरूमा चिसोले समस्या देखिने जोखिम बढेको छ। मौसम परिवर्तन र महामारीका कारण तुलनात्मक रूपमा सामान्य फ्लुमा पनि गम्भीर बिरामी पर्ने भएकाले सकेसम्म चिसोबाट जोगिनुपर्छ।
- यस्तै, चिसोबाट बच्न आगो, हिटर बालेर कोठा बन्द गर्दा ज्यान जाने घटना पनि बढिरहेका छन्। तसर्थ, कोठा न्यानो बनाउँदा भेन्टिलेसनको व्यवस्था गर्न छुटाउनु हुँदैन। कोठामा पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था गर्नुपर्छ।
- आगो बालेको ठाँउमा बच्चाहरूलाई एक्लै छाड्नुहुँदैन। साथै, आगो बालेर छोड्दा आगलागीको जोखिम रहने हुँदा आगो निभाएर वा सुरक्षित राखेर सुत्नुपर्छ।
- आमाको दूध खाने बच्चालाई नियमित स्तनपान गराउनुपर्छ। साथै, अन्य बालबालिका, वृद्धवृद्धा, गर्भवती र दीर्घरोगीमा खानपानको उचित व्यवस्था गर्नुपर्छ। चिसोमा सकेसम्म तातो पानी, झोलजन्य खानेकुरा र सुप पर्याप्त मात्रामा खानुपर्छ। जाडोका कारण पानी कम प्रयोगमा ल्याउँदा अन्य स्वास्थ्य समस्या निम्तिन सक्छन्।

# समाचार संक्षेप

**प्रदेशहरूबीच लगानी भित्र्याउने प्रतिस्पर्धा हुनुपर्छ : वरिष्ठ उपाध्यक्ष ढकाल**

लमजुङ। नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले प्रदेशहरूबीच लगानी भित्र्याउने प्रतिस्पर्धा हुनुपर्ने बताउनुभएको छ।

हाल स्थानीय तह र प्रदेश सरकारमा लगानीमैत्री वातावरण बनाउनुपर्छ भन्ने चेतनाको विकास हुँदै गए पनि नीति निर्माण गर्दा सरोकारवाला पक्षलाई समेट्न नसकेको उहाँको भनाइ छ। सरोकारवाला पक्षलाई राखेर निर्णय नगरिँदा नीति नियम व्यावहारिक बन्न नसकेको र त्यसले परिणाम दिन नसकेको ढकालले बताउनुभयो।

निजी लगानीलाई राज्यले संरक्षण गर्दा राज्यको स्रोत बढ्ने, बेरोजगारी समस्याको हल हुने तथा साधन स्रोतको समुचित प्रयोग हुने भन्दै उहाँले नीति निर्माणमा सकारात्मक सोच जरुरी रहेको बताउनुभयो।

लमजुङमा गैरआवासीय नेपालीसँग सहकार्य गरेर आफूले २७ मेगावाटको जलविद्युत् आयोजनामा लगानी गरिरहेको र उत्पादनको अन्तिम तयारीमा रहेको जानकारी दिनुभयो। लमजुङमै बैंकिङ क्षेत्रमा पनि लगानीमा सहकार्य गरेको स्मरण गराउँदै अब भने पर्यटन क्षेत्रमा पनि सहकार्य गर्न चाहेको धारणा राख्नुभयो।

## पदोन्नति भएका अधिकृतहरू दर्ज्यानी चिन्ह



काठमाडौं। नेपाल सरकार गृह मन्त्रालय मन्त्रीस्तरको २०७८ पुस २३ गतेको निर्णयले पुस २१ गतेबाट लागू हुनेगरी प्राविधिक प्रहरी नायव महानिरीक्षक र प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षक तथा नेपाल सरकार सचिवस्तरको २०७८ पुस २५ गतेको निर्णयले प्राविधिक प्रहरी नायव उपरीक्षक पदमा पदोन्नति भएका प्रहरी अधिकृतहरू दर्ज्यानी चिन्हद्वारा सुशोभित हुनुभएको छ।

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले उक्त निर्णयबाट पदोन्नति भएका ४ जना प्राविधिक प्रहरी अधिकृतहरूलाई प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित एक कार्यक्रमबीच दर्ज्यानी चिन्हद्वारा सुशोभित गर्नुभएको हो।

दर्ज्यानी चिन्हबाट सुशोभित हुनेहरूमा प्राविधिक प्रहरी नायव महानिरीक्षक ई.फणिन्द्र बराल, प्राविधिक प्रहरी वरिष्ठ उपरीक्षकहरू डा. अभिमन्यु श्रेष्ठ तथा डा. बिपिन कुमार श्रेष्ठ र प्राविधिक प्रहरी नायव उपरीक्षक भुलाराज खनाल रहनुभएको छ।

उक्त अवसरमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रममा उपस्थित प्रहरी अधिकृतहरूलाई सम्बोधन गर्दै पदोन्नतिसँगै थपिएको उर्जा, जिम्मेवारी र कर्तव्य परायणतालाई प्रहरी कर्मचारीहरूले थप मजबुत एवं व्यावसायिक बनाई काम गर्ने विश्वास व्यक्त गर्नुभयो। कोभिड-१९ को बढ्दो सङक्रमण लगायतका अन्य चुनौतिको सामना गर्न सुरक्षाको उचित प्रवन्ध गरी काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले विगत पाँच महिनामा प्रहरीले गरेका कार्यहरूको समीक्षा गर्दै सो अवधिमा उल्लेख्य प्रगति भएको बताउनुभयो। प्राविधिक काम संगठनका लागि निकै महत्वपूर्ण हुने हुनाले संगठनको मूल्य, मान्यता र मापदण्डको पूर्ण पालना गर्दै पारदर्शी रुपमा काम गर्न प्रहरी कर्मचारीहरूलाई उहाँले निर्देशन दिनुभयो।

उक्त अवसरमा पदोन्नति भएका अधिकृतहरूको तर्फबाट मन्तब्य व्यक्त गर्दै प्राविधिक प्रहरी नायव महानिरीक्षक ई. फणिन्द्र बरालले पदोनन्तिसँगै थपिएको जिम्मेवारी पूरा गर्न परिस्कृत र पारदर्शी ढंगले निष्ठाका साथ उत्कृष्ठ काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू लगायत वरिष्ठ प्रहरी अधिकृतहरूको उपस्थिति रहेको थियो।

## सवारी दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं। काठमाडौं महानगरपालिका-१० बानेश्वरस्थित सडकमा बागमती प्रदेश ०२-०३१ प ७५६२ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री काठमाडौं महानगरपालिका-३२ सुविधानगर बस्ने रामेछाप घर भएका ६३ वर्षीय जिवनाथ गौतमको आइतबार साँझ मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको मिनभवनस्थित सिभिल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। घाइते भएका मोटरसाइकल चालकलाई सोही अस्पताल हुँदै थप उपचारको लागि ट्रमा सेन्टर पठाइएको छ। यसैगरी काठमाडौं महानगरपालिका-१० विजुली बजारस्थित सडकमा हाल नम्बर नखुलेको टिपरको ठक्करबाट भक्तपुर व्यासी बस्ने कालिकोट पचालझरना गाउँपालिका-२ घर भएका २२ वर्षीय विपिन विकको आइतबार राति मृत्यु भएको छ। सोही ठाउँस्थित रोधी घरमा मादक पदार्थ सेवन गरी झगडा गरी भाग्ने क्रममा टिपरले ठक्कर दिँदा गम्भीर घाइते भएका उनको बानेश्वरस्थित सिभिल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। झगडामा संलग्न ४ जनालाई नियन्त्रणमा लिनुका साथै फरार १ जना तथा सवारी साधनको प्रहरीले खोजी गरिरहेको छ।

नियात्रा

# स्मृतिको क्यानभास–६

✍ रामप्रसाद पन्त

अब फर्कने पालो।

हामी जुन बाटो गएका थियौँ, सहस्रधारा रोड हुँदै, त्यही बाटो फर्कियौँ देहरादून बजार।

गाडी चालकले अचानक कुरा फेर्‍यो। उसले सक्कली वा नक्कली कारण देखाएर हामीलाई मसूरी पुर्‍याउन नसक्ने भन्यो। त्यस गाडीसँग हाम्रो सम्झौता थिएन। सम्झौता गर्ने समूहमध्येकी एक सदस्य थिइन्– डोटेली बहिनी रोशनी खत्री। उनी र ड्राइभरका बीचमा एकछिन बहसनै भयो। ड्राइभरको अगाडि कसैको तर्कले काम गर्दैन, उसले सधैँ जित्छ। त्यहाँ पनि ड्राइभरसँग रोशनी हारिन्। उनी हार्नुको अर्थ थियो, हामी हार्नु। हामी छोड्न बाध्य भयौँ रोशनी सहित गाडीलाई। रोशनीलाई हामीले छोडेनौँ मात्र, चिन्तित पनि भयौँ– उनी सकुशल त पुगिन् होला साथीहरूको समूहमा!

अब आफ्नो बाटो आफैँ बनाऊँ।

हाम्रो बाटो थियो– कि लोकल बस, कि ट्याक्सी। तर त्यो कहाँ पो पाइन्छ?

थाहा भयो, दुवै बसस्टपमै पाइन्छ।

'अनि कति टाढा पर्छ बसस्टप?'

'मात्र दश मिनेट।'


हामी दूनभ्याली रोड हुँदै अगाडि बढ्यौँ र गान्धी रोडहुँदै बस स्टप पुग्यौँ। बस साँच्चिकै हाम्रो वशमा रहेन। त्यस्तो भीडभाडमा के सम्भव छ? र समयसीमा के छ?

प्रिपेड ट्याक्सीको दररेट भारु. १३६०।-।

नेपालमा भए ३३ किलोमिटर गुड्दा कति पर्थ्यो होला?

म तीनदिनअघिको भाडा सम्झिँदै थिएँ– एयरपोर्ट–चाबहिल-एयरपोर्ट चार किलोमिटरको रु. १५००।-

नेपालमा पो नाकाबन्दी थियो त, यहाँ त नाकाबन्दी छैन नि! फेरि ट्याक्सी कहाँको? तेल कहाँको? आफ्नै त हो नि!




हामी मुख्यमन्त्रीको कार्यालयतिर जाने बाटो छाडेर मुख्यसचिव आवासको बाटो हुँदै अगाडि बढ्यौँ। बाटो चार लेनको थियो र बाटोको छेउछाउ अग्ला अग्ला रुखहरू उभिएका थिए।

सहरी क्षेत्र छाडेर हामी करिब करिब बाहिरिँदै थियौँ। स्वामी विवेकानन्दको भव्य एवम् सौम्य मूर्ति देखिएको थियो बाटो छेउमै। मेरा आस्थाका केन्द्रलाई मैले ट्याक्सीबाटै नमन गरेको थिएँ। लगत्तै राजेन्द्र शाहद्वारलेहामीलाई स्वागत गरेको थियो। शाह एक स्वतन्त्रता सेनानी रहेको बुझेको थिएँ मैले ट्याक्सी ड्राइभरबाट।

अगाडिको बाटो सुस्तरी उकालो लाग्दै थियो। समय दिउँसोको तीन बजेको थियो। हाम्रो पेटले केही माग्दै थियो। हामीले ड्राइभरलाई भनेका थियौँ– कुनै यस्तो ठाउँमा ट्याक्सी अड्याऊँ, जहाँ बसेर हामीले पेटको माग पूरा गर्न सकौँ।

उसले हामीलाई 'मयूर पञ्जावी ढावा' अगाडि लगेर ओराल्यो।

रेष्टुराँभित्र र बाहिर हल्लाखल्ला भइरहेको थियो। मानिसहरू हस्याङफस्याङ गरिरहेका थिए।

'के भयो?'

'भूकम्प गयो।'

'कति रेक्टरस्केलको?'

'७.५ रेक्टरको।'

'अहो! सानो त होइन नि!'

'लौ कता कता के के भयो?' हामीले आशङ्का व्यक्त गर्‍यौँ।

ट्याक्सी गुडिरहेको बेला पत्तै पाएनौँ हामीले। दश-पन्ध्र मिनेटमात्र भएको रहेछ भूकम्प गएको। भूकम्पले भारत लगायत पाकिस्तान, अफगानिस्तान र इरानमा समेत असर गरेछ। क्षतिको विवरण आउन बाँकी नै छ। रेष्टुराँभित्र टेलिभिजन हेर्नेको तँछाड मछाड थियो। सँगसँगै कुख्यात डन छोटाराजन पक्राउ परेको र डनहरूको नाइके महाडन दाउद इब्राहिम पनि पक्राउ पर्न सक्ने समाचार पनि सँगसँगै आइरहेको थियो। जे होस् न्युज हट थियो। टेलिभिजनले अर्को त्रास फैलाउँदै थियो– 'उत्तराखण्ड औ हिमाचल में बडे भूकम्प की आशङ्का।'

हाम्रो मनमा ढ्याङ्ग्रो ठोक्यो। मसूरीको डाँडोतर्फ उकालो लाग्दै छौँ, भीरमा ठडिएका होटल रेष्टुराँमा रात बिताउनुपर्छ, के गति हुने हो! त्यतिमात्रै भए त! समाचार प्रशारण हुँदै थियो– 'मसूरीमा बनेका घरमध्ये ३५० घर खतरायुक्त छन्।'

अब भयो कि!

कुन खतरा हो, कुन सुरक्षित! कसरी छुट्याउने?

फेरि कसले भन्छ, मेरो घर खतराको रेखाभित्र छ! कुन घरमा परिने हो कुन घरमा!

खाजा खाँदासम्म पनि हामीले शङ्का उपशङ्काको घेराभित्र रहेर खायौँ।

तर मनमा आँट पलायो – जे होला होला! हुने भई छाड्छ। कालै आएको रहेछ भने उसले पाताल गए पनि छाड्दैन, किन डराउने? एक रात मसूरीको मोहकतामा महकिँदै रङ्गिन वातावरणमा रमाउन किन पछि पर्ने?

हामी सबैले मन मुटु बलियो बनायौँ र खाजा खाई हिँडिहाल्यौँ। *(क्रमशः)*

# कहिले रोकिएला मध्यपूर्वको हिंसा ?



विष्णु भट्टराई

मध्यपूर्व अर्थात् पश्चिम एसिया अहिले पनि तनावग्रस्त छ। चिरपरिचित प्रतिद्वन्द्वी राष्ट्र इजरायल र प्यालेस्टाइनबीच युद्ध जारी छ । इजरायलले प्यालेस्टाइनमाथि अमानवीय सैन्य कारबाही गरेर निहत्था नागरिकहरूको हत्या गरिरहेको छ । प्यालेस्टाइनले युद्ध लडेको छैन । तर त्यहाँको हमास समूहले एक्लै शक्तिशाली इजरायलसँग युद्ध लडिरहेको छ । तर इजरायलले भने जवाफी कारबाही भन्दै प्यालेस्टाइनी राष्ट्रपति मोहम्मद अब्बासलाई नै निशाना बनाइरहेको छ । इजरायलले प्यालेस्टाइनी राष्ट्रपति भवन वरपर शक्तिशाली बम विस्फोट गराएर आतंक मच्चाइरहेको छ ।

यसअघि सन् २०१२ को नोभेम्बरमा इजरायल र प्यालेस्टाइनबीच ८ दिने भीषण युद्ध भएको थियो । इजरायली सेनाले गरेको हवाई कारबाहीमा प्यालेस्टाइनी हमासका सैन्य प्रमुख अहमद जावरी मारिएपछि सुरु भएको युद्धमा १ सय ६५ प्यालेस्टाइनको ज्यान गयो भने हजारभन्दा बढी घाइते भएका थिए । इजरायली सेनाको भीषण बमबारी र क्षेत्रयास्त्र आक्रमणबाट गाँजा क्षेत्रस्थित हमासको प्रशासनिक मुख्यालयदेखि थुप्रै भौतिक संरचना क्षतिग्रस्त भए । हमासले गरेको रकेट प्रहारबाट ५ इजरायली मारिए । युद्धले डरलाग्दो रुप लिने खतरा बढेपछि अमेरिका, संयुक्त राष्ट्रसंघ र छिमेकी इजिप्टको प्रयासमा क्षणिक युद्धविराम भयो । तर त्यो युद्धविराम शान्तिमा परिणत हुन सकेन । पुनः युद्ध भड्कियो । यसअघि पनि सन् २००८ डिसेम्बरदेखि सन् २००९ जनवरीमा ३४ दिने युद्ध भएको थियो । त्यस युद्धमा ४ हजार प्यालेस्टाइनीको मृत्यु भएको थियो । पछिल्लो ८ दिने युद्धले प्यालेस्टानीहरूमा देखिएको आक्रोशको आगोमा 'अराफत मृत्यु प्रकरण' ले आगोमा घिउ थप्ने काम गऱ्यो ।

सन् २००४ मा निधन भएका प्यालेस्टाइनी नेता यासेर अराफतलाई इजरायलले षड्यन्त्रमूलक ढंगले विष खुवाएको भन्ने आरोपका सम्बन्धमा गाडिएको शव उत्खनन गरी छानबिन गरियो । यो घटनाले प्यालेस्टाइनीहरूलाई इजरायलप्रति थप सशंकित एवं आक्रोशित बनाएको छ । प्यालेस्टाइन छुट्टै राज्य मुक्तिका लागि आजीवन संघर्ष गरेका, ३५ वर्षसम्म प्यालेस्टाइनी मुक्ति संगठनको नेतृत्व गरेका र सन् १९९६ मा प्यालेस्टाइनी प्राधिकरणको राष्ट्रपति समेत बनेका अराफतले प्रयोग गरेका सामग्रीमा कोलिनियम २१० नामक हानिकारक पदार्थ फेला पऱ्यो । त्यसपछि थप अनुसन्धान गर्न स्वीट्जरल्यान्ड, फ्रान्स र रुसका विशेषज्ञहरूको टोलीले अराफतको शव उत्खनन गरी नमुना संकलन गऱ्यो । अराफतकी धर्मपत्नी सुभाले विष खुवाएर आफ्ना श्रीमानको इजरायलले हत्या गरेको आरोप लगाइन् । उनले लगाएको यो आरोप अनुसन्धानबाट पुष्टि भयो भने यस प्रकरणले अकल्पनीय रुप लिन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । तर इजरायलले भने सो आरोप अस्वीकार गर्दै सुरु गरिएको अनुसन्धान कार्यलाई बेकार भनिरहेको छ ।

इजरायल र प्यालेस्टाइनबीचको युद्ध र विवादको इतिहास निकै लामो छ । अत्यन्तै जटिल र कठिन यो विवाद मिलाउन गरिएका हजारौं प्रयास असफल भएका छन् । आफ्नो भूमिमा शरणार्थी जीवन बिताइरहेका प्यालेस्टाइनीहरू र त्यहाँको नेतृत्वले आफ्नो स्वतन्त्रतालाई जीवन मरणको विषय बनाइरहेको छ । अन्तिम विकल्पका रुपमा प्यालेस्टाइनलाई १९४ औं स्वतन्त्र राष्ट्र घोषणा गर्ने भनी प्यालेस्टानी राष्ट्रपति मोहम्मद अब्बासले राष्ट्रसंघको ६६ औं महासभामा प्रस्ताव गरेका थिए । तर अमेरिकाले प्यालेस्टाइनको स्वतन्त्रतालाई भन्दा इजरायली सुरक्षालाई प्राथमिकता दिएकाले यो प्रस्ताव कमजोर सावित भयो । यो प्रस्तावका विषयमा अमेरिका र युरोपेली राष्ट्रहरू विभाजित भए । केही युरोपेली राष्ट्र प्यालेस्टाइनलाई स्वतन्त्रता दिनुपर्छ भन्ने पक्षमा उभिए कोही विरोधमा । स्वतन्त्र राष्ट्रको प्रस्तावको विरोधमा रहेको अमेरिकाले इजरायलसँग सार्थक वार्ता गरेर यसको दिगो समाधान गर्ने पक्षमा दबाब दियो ।

आफ्नै भूमिमा अन्यायपूर्ण तरिकाले शरणार्थी बनाइएका प्यालेस्टाइनीहरूलाई स्वतन्त्र मुलुकको स्वतन्त्र नागरिकको मान्यता दिनुपर्ने पक्षमा विश्वको ठूलो जनमत देखिएको छ । राष्ट्र संघमा प्यालेस्टाइनी प्रस्तावका सम्बन्धमा भएको मतदान परिणामले पनि त्यही कुरालाई प्रमाणित गऱ्यो । सन् २०१२ को नोभेम्बर २९ मा भएको मतदानमा राष्ट्रसंघका १९३ सदस्य राष्ट्रमध्ये १३८ ले प्रस्तावको पक्षमा मतदान गरे । अमेरिका, इजरायल लगायत ९ राष्ट्रले विपक्षमा मतदान गरे । ४१ राष्ट्र तटस्थ बसे । यो परिणामलाई स्वीकार गर्ने हो भने राष्ट्र संघले प्यालेस्टाइनलाई १९४ औं स्वतन्त्र राष्ट्रको मान्यता दिनुपर्ने थियो । तर महाशक्ति राष्ट्र अमेरिका र इजरायलका दबाब कारण राष्ट्र संघले प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिन सकेन । यसबाट संयुक्त राष्ट्रसंघ पनि अमेरिकाका अघि निरीह सावित भएको छ ।



सन् २०१४ जुलाई ८ तारिखदेखि इजरायली सेनाले सुरु गरेको सैन्य कारबाहीमा दुईतिहाईभन्दा बढी सर्वसाधारण घाइते भएका छन् र उनीहरूको जीवन सबैभन्दा बढी संकटपूर्ण बनेको छ । प्यालेस्टाइनको गाँजा क्षेत्रबाट विद्रोह गरिरहेको त्यहाँको विद्रोही समूह हमासले इजरायली सीमा क्षेत्रमा मारिएका एक प्यालेस्टाइनी युवकको हत्याको बदला लिन इजरायली भूमिमा रकेट प्रहार गरेपछि पछिल्लो युद्ध सुरु भएको हो । हमासको रकेट प्रहारबाट तीन इजरायलीको ज्यान गएको बताइन्छ । त्यसैको बदलामा इजरायलले गाँजा क्षेत्रमा भीषण सैन्य कारबाही सुरु गर्दा प्यालेस्टाइनमा संकट सुरु भएको हो । संघर्षमा हजारभन्दा बढीको ज्यान गइसकेको छ भने हजारौं घाइते भएका छन् । दशौं हजार ज्यान जोगाउन शरण खोजिरहेका छन् । इजरायली प्रधानमन्त्री नेतान्याहुले कसैले भन्दैमा अथवा दबाब दिँदैमा हमास विरुद्धको सैन्य कारबाही नरोकिने बताएका छन् । उनले गाँजा क्षेत्रमा थप भीषण आक्रमण गर्ने चेतावनी दिएका छन् । नेतान्याहुले गाँजाबासीलाई अन्यत्र जान भनेपछि त्यहाँ भीषण मानवीय समस्या आइलागेको छ ।

सन् १९४८ मा संयुक्त राष्ट्र संघको मध्यस्थतामा इजरायल अस्तित्वमा आएपछि राज्य गुमाउँदै शरणार्थी बनेका प्यालेस्टाइनीहरूले त्यसयता स्वतन्त्रताका लागि लगातार संघर्ष गर्दै आएका छन् । इजरायलसँगको चरम विवाद र संघर्षका क्रममा हजारौं मानिसले ज्यान गुमाएका छन् भने अरबौंको भौतिक संरचना ध्वस्त भएको छ । इजरायल र प्यालेस्टाइन दुवै पक्षलाई मिलाउन थुप्रै पटक दुईपक्षीय, बहुपक्षीय र अन्तर्राष्ट्रिय प्रयास भए पनि आजसम्म सफल हुन सकेको छैन । यही कारण परिस्थिति झनै जटिल र भयावह बन्दै गएको छ । इजरायल र प्यालेस्टाइन दुवैको अतिवादी सोच एकले अर्कालाई अविश्वास गर्ने कारण नै समस्याको चुरो बनेको छ । एकले अर्कालाई प्रेमभावको नजरले हेर्ने हो भने त्यहाँ युद्ध अवश्य रोकिन्छ । एकले अर्कालाई विश्वास नगरेसम्म र एकले अर्काको स्वतन्त्र अस्तित्वलाई स्वीकार नगरेसम्म यो समस्याको निदान सम्भव देखिँदैन ।



अहिले गाँजा क्षेत्रका हजारौं सर्वसाधारणको ज्यान सबभन्दा बढी खतरामा परेको छ । इजरायलको तुलनामा प्यालेस्टाइनी कमजोर छन् । इजरायलले प्यालेस्टाइनमाथि दमनचक्र चलाएपछि अहिले प्यालेस्टाइनी पूर्ण संघर्षमा छन् । यो पछिल्लो संघर्षमा प्यालेस्टाइनतर्फ विगतका संघर्षमा जस्तै व्यापक जनधनको क्षति भएको छ । तर प्यालेस्टाइनी हमासले जतिसुकै मूल्य चुकाउनु परे पनि इजरायलसँग दबिएर नबस्ने चेतावनी दिँदै आएको छ । अमेरिकी राष्ट्रपति बाराक ओबामा र संयुक्त राष्ट्र संघका महासचिव वान कि मुनले इजरायलली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई फोन गरी तत्काल युद्धविराम गर्न आग्रह गरे । तर उनले मानेनन् । जसले गर्दा आज प्यालेस्टाइनमा रगतको खोलो बगिरहेको छ । निहत्था सर्वसाधारण गाँजाबासी मारिइरहेका छन् । बाँचेका घाइते भएका छन् । आतंक र अराजकताले सीमा नाघेको छ । बालबालिका, महिला, ज्येष्ठ नागरिक, अपांगता भएका, असहाय सबैभन्दा बढी युद्धले पीडित बनेका छन् । घर छोडेर ज्यान जोगाउन भागेका गाँजाबासीले सुरक्षित ठाउँमा पुगेर खान बस्न पाएका छैनन् ।

इजरायल हरेक कारणले शक्तिशाली हुँदाहुँदै पनि प्यालेस्टाइनीको समर्थनबिना आफू सुरक्षित हुन कहिल्यै सक्दैन भने इजरायलले नचाहेसम्म प्यालेस्टाइन स्वतन्त्र हुने कुरा कल्पनासम्म गर्न सकिँदैन ।

विश्व इतिहासमा पहिले इजरायल नामको कुनै देश थिएन । सन् १९४८ मा यहुदीहरूले प्यालेस्टाइन भूभागमाथि कब्जा जमाई स्वतन्त्र इजरायल राष्ट्रको घोषणा गरे । आफ्नै देशभित्र यसरी प्यालेस्टाइनीहरू घरबारविहीन भए । जब यहुदीहरूले इजरायल नयाँ राष्ट्रको घोषणा गरे, तुरुन्त त्यसलाई अमेरिकाले मान्यता दियो । यसको एउटै कारण थियो- यहुदीहरूलाई शक्तिशाली बनाएर मध्यपूर्वमा अमेरिका शक्तिशाली बन्नु । स्इजरायललाई अमेरिकाले बर्सेनि अरबौं डलर बराबरका अत्याधुनिक हतियारहरू सहयोग गरिरहेको छ । इजरायल मजबुत हुनुको सुरुको कारण अमेरिकी सहयोग नै हो । इजरायलले प्यालेस्टाइनलाई मात्र होइन, अन्य छिमेकी राष्ट्रहरू लेबनान, इरान, जोर्डन, सिरिया समेतलाई तर्साइरहेको छ । त्यसो त इरान त्यस्तो राष्ट्र हो जसले इजरायललाई अहिलेसम्म पनि औपचारिक रुपले स्वतन्त्र राष्ट्र स्वीकार गरिरहेको छैन । प्यालेस्टाइनी हमास समूहलाई लेबनान र इरानले सहयोग गरिरहेको आरोप समेत इजरायलले लगाइरहेको छ । तर इजरायलले इरान र लेबनानमाथि तत्काल आक्रमण गर्ने हिम्मत देखाउन सकेको छैन । हमाससँगको लडाइँमा केन्द्रित रहिरहेको इजरायल इरान र लेबनानसँग पनि शत्रुता मोलेर थप संकट निम्त्याउने पक्षमा देखिँदैन ।

## कौमार्य परीक्षणको अनौठो चलन



इन्डोनेसियामा महिलालाई सेनामा प्रवेश गर्नुअघि अनिवार्य रूपमा भर्जिनिटी टेस्ट अर्थात् कौमार्य परीक्षण गरिन्छ । सरकारी सुरक्षा अंगमा प्रवेश गर्नुअघि महिलाको कौमार्य परीक्षण गर्ने नियम वर्षौं पुरानो परिपाटी हो । स्थल र नौसेनाको अतिरिक्त यस्तो परीक्षण हवाई फौजमा पनि अनिवार्य गरिएको छ । स्थानीय सरकार र सार्वजनिक सेवामा पनि यस्तो परीक्षणलाई सरकारले विस्तार गर्दै छ । यहाँ उच्च शिक्षा उत्तीर्ण गरेका १८ देखि २० वर्ष उमेरका महिलालाई सेना र प्रहरीमा भर्ना गर्नुअघि उनीहरूको कुमारित्व परीक्षण अनिवार्य मानिन्छ । सरकारको कथित परीक्षणप्रति मानव अधिकावादी संघसंस्था र कार्यकर्ताले आपत्ति जनाएका छन् ।

अवैज्ञानिक र रुढिवादी यस परीक्षणलाई विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले कडा विरोध गरेको छ । अहिलेको जमानामा कौमार्य परीक्षणको कुनै स्थान छैन, न त कुनै कानुनी सान्दर्भिकता । 'परीक्षणले महिलामाथिको चरम विभेदलाई पुनःपुष्टि गरेको छ । महिलाको क्षमतालाई कुमारित्वले मापन गर्न सक्दैन,' डब्लूएचओले भनेको छ ।

'दुई औंले परीक्षण' नाम दिइएको यस परम्परागत परीक्षणमा चिकित्सकद्वारा महिलाको योनिच्छेदन, आकार र योनिको शिथिलताबारे गहन अध्ययन गरिन्छ । यस परीक्षणपछि सुरक्षा फौजमा जागिरका लागि निवेदन दिन महिलाले यौन सम्बन्ध राखे नराखेको खुलासा हुने दाबी गरिन्छ । तर, यस परीक्षणलाई लिएर चिकित्सक र स्वास्थ्यकर्मीबीच नै तीव्र मतभेद देखिन्छ । केही चिकित्सकका अनुसार योनिच्छेदनको अवस्थाले कुमारित्वको जिज्ञासालाई खासै सम्बोधन नगर्ने र योनिच्छेदनको आकार महिला र उनीहरूको अवस्थाअनुसार फरक-फरक हुने गर्छ ।

स्वास्थ्य परीक्षणको बाहनामा महिला अधिकारको हनन भएको ह्युमन राइट वाचले जनाएको छ । परीक्षणले महिलालाई होच्याएको, दोस्रो दर्जाको नागरिक सरह व्यावहार गरेको पनि जनाइएको छ । 'परीक्षणका नाममा महिलामाथि गरिएको हिंसा तत्काल बन्द गरिनुपर्छ,' वाचले भनेको छ । परीक्षण सभ्य समाजका लागि अशोभनीय भएको वाचको भनाइ छ । कुमारित्व परीक्षण गरिएका दर्जन बढी इन्डोनेसियाली महिलाको अन्तर्वार्ता लिई परीक्षणबारे वाचले प्रतिक्रियासमेत लिएको थियो । परीक्षणका क्रममा दुईओटा औंला योनिको द्वार खोल्न प्रयोग र अर्को एउटा औंलालाई मलद्वारमा राखिएको वाचका एन्ड्रिज हारसोनकाले बताउँछन् ।

परीक्षणले सहभागीलाई निकै लज्जित र आत्मग्लानी महसुस गरेको वाचका एन्ड्रिज हारसोनकाले बताउँछन् । उनका अनुसार परीक्षणलाई धेरै जना महिलाले आफूहरूमाथिको अपमानको संज्ञा दिएका छन् । परीक्षणले आफूहरूलाई मानसिक चोट दिएको बताउँदै अन्य महिलाले सकभर यस्तो परीक्षण नगर्न सल्लाह दिएका छन् । 'वास्तवमै यो एउटा घृणित कार्य र मानसिक यातना । अब म कहिल्यै पनि यस्तो परीक्षण गर्ने छैन,' परीक्षणमा सहभागी एक महिला भन्छिन् ।

यातनापीडितका लागि अन्तर्राष्ट्रिय परिषद् (आईआरसीटी) ले पनि परीक्षणले महिलाको मानव अधिकारमाथि गम्भीर हनन भएको जनाएको छ । 'परीक्षण अन्तर्राष्ट्रिय कानुनअन्तर्गत महिलामाथि दुर्व्यवहार हो,' आईआरसीटीले भनेको छ । इन्डोनेसियमा सेनाका प्रस्तावित बेहुलाले समेत विवाहअघि कन्याको कुमारित्व परीक्षणको माग गर्ने गरेको आईआरसीटी र एचआरडब्लूले जनाएका छन्, तथापि सेनाले भने यसलाई अस्वीकार गरेको छ ।

सेनामा भर्ती हुन महिलाको कुमारित्व परीक्षण अनिवार्य भएको सेनाको सूचना विभाका प्रमुख मेजर जनरल फउड बास्या बताउँछन् । 'परीक्षण नगर्दा खराब चरित्र भएको व्यक्ति सेनामा भित्रिने खतरा हुन्छ । सेना भनेका राष्ट्रका संरक्षक हुन् । उनीहरूमा नैतिक चरित्र हुनु अपरिहार्य छ । सेना नै बदनाम भए देशको सुरक्षा कसले गर्ने ?,' बास्या तर्क गर्छन् । भर्जिनीटी टेस्ट महिलाको नैतिकता र सेनाको चरित्रसँग सम्बन्धित भएको उनको दाबी छ । तर उनको भनाइप्रति विज्ञ नै असहमत छन् । साइकलिङ, रेसलिङलगायतका खेलमा सहभागी हुने महिलाको योनि सानो उमेरमा नै छेदन हुने आलोचक बताउँछन् । तरसेना भने भर्जिनिटी गुमाएका उम्मेदवार सेना बन्न मानसिक रूपमा नै अयोग्य हुने दाबी गर्छन् । सेक्स गरेका महिला शारीरिक रूपमा नै कमजोर हुने सेनाको दाबी छ । तथा एचआरडब्लूले अन्तर्वार्ता लिएकी सेनाकी एक पत्नीले सेनामा नैतिकता ल्याउन पनि परीक्षणलाई निरन्तरता दिनुपर्ने बताउँछिन् ।

त्यस्तै, इन्डोनेसियाली सेनाका कमान्डर महिलालाई सेनामा भर्ती गर्नुअघि उनीहरूको कुमारित्व परीक्षण नभई नहुने बताउँछन् । सेनामा उनीहरू नैतिक रूपमा गिरेका छन् वा छैनन् भन्ने पत्ता लगाउन पनि परीक्षण अपरिहार्य भएको उनको भनाइ छ । 'भर्ती गर्नुअघि कुमारित्व परीक्षण गर्नु निकै सुन्दर पक्ष हो । बरु यसलाई किन विवादित गरियो मैले बुझ्न सकेको छैन ?,' सेनाप्रमुख मोइलेडोकोको भनाइ उद्धृत गर्दै दि जार्कार्ता पोस्टले लेखेको छ । यस्तो परीक्षण आगामी दिनमा पनि निरन्तर हुने उनको भनाइ छ । भन्छन्, 'भावी दिनमा पनि हामी निरन्तर परीक्षण गर्नेछौं । किनकि सबै भन्दा महत्वपूर्ण विषय भनेको तपाईंको मानसिकता हो ।'

महिला भर्जिन र सेनाको क्षमता एक अर्कामा प्रत्यक्ष सम्बन्ध नरहे पनि भर्जिनिटीले महिलाको नैतिकता मापन गर्ने सेनाको दाबी छ । इन्डोनेसियाली सेनामा उच्च प्राज्ञिक क्षमता र शारीरिक शक्तिसँगै महिला नैतिक रूपमा पनि सशक्त हुनुपर्ने उनको जोड छ । भर्ती गर्ने भनिएका महिला भर्जिन नभए उनीहरूको मानसिक रूपमा समेत अस्वस्थ हुने उनी दाबी गर्छन् ।

वासिंगटन पोस्टका अनुसार इन्डोनेसियमा सेनामा भर्ती हुनु अघि गरिने कुमारित्वको परीक्षणलाई एउटा विशेष अभ्यासका रूपमा लिइन्छ । 'सेनामा भर्ती हुन चाहनेले नांगै बनेर आफ्नो योनि चिकित्सकलाई परीक्षण गर्न तम्तयार रहनुपर्छ । महिलाहरू कति भर्जिन छन् भन्ने सुनिश्चित गर्न यस्तो गरिन्छ,' सो पत्रिकाले लेखेको छ ।

केही मुलुकमा कानुन त र खुलेआम कुमारित्व परीक्षण गरिए पनि विरोधका कारण केही मुलुकमा भने यो संस्कार बन्द हुन थालेको छ । तर, पनि विभिन्न बाहनमा अझै पनि यस्तो परीक्षणको घटना सार्वजनिक हुने गरेको छ । उच्च माध्यामिक विद्यालयमा महिलाको भर्जिनिटी टेस्टको व्यवस्थाको माग एक राजनीति दलले गरेपछि दक्षिण अफ्रिकामा यो गरम विषय बनेको छ ।

किशोरीको गर्भवती दर रोक्न उसले यस्तो आग्रह गरेको हो । तर यसको व्यापक विरोध भएको छ । यसका विरोधीले परीक्षणभन्दा पनि स्वअनुशासन अपरिहार्य भएको बताएका छन् । बलात्कारबाट बाँचेकालाई दुई औंले परीक्षण गर्ने भारतीय अस्पतालविरुद्ध कुनै बेला ह्युमन राइट वाचले अभियान नै चलाएको थियो ।

सन् २००९ मा केरेलामा केही भिक्षुणीमाथि गरिएको परीक्षणलाई लिएर हजारौं महिलाले सडक तताएका थिए । राज्यको प्रायोजनमा हुने सामूहिक विवाहमा १ सय ५१ महिलाको परीक्षणपछि पनि भारतमा तीव्र विरोध भएको थियो । बेलायतमा पनि कुनै बेला यस्तै परीक्षण हुने गर्दथ्यो । भारत, बंगलादेश र पाकिस्ताबाट आएका केही आप्रवासी महिलाको भर्जिनिटी टेस्ट सन् १९७९ सम्म गरिन्थ्यो । बेलायती पुरुषसँग यसअघि नै आप्रवासी महिलाको लसपस भएको आशंकामा पनि यस्तो परीक्षणलाई सरकारले आवश्यकता ठानिएको थियो । सो अभ्यास गलत भएको यूके बोर्डर एजेन्सीले ठहर गरेपछि परीक्षणमा हाल प्रतिबन्ध लगाइएको छ ।

उता इजिप्टमा सन् २०११ त्यहाँको एक अदालतले सेनाको नियन्त्रणमा रहेका केही महिला कैदीलाई गरिने परीक्षण बन्द गर्न आदेश दिएको थियो । यसअघि त्यहाँको सेनाले नै बन्दी महिलाको गुप्तांग परीक्षण गर्ने गर्थ्यो । त्यहाँको मुख्य तहरिर चोकमा भएको प्रदर्शनमा पक्राउपछि एक महिलालाई इजिप्टको सेनाले सो परीक्षण गर्न बाध्य पारेको सार्वजनिक भएपछि अदालतले सो परीक्षणलाई गैरकानुनी घोषणा गरेको थियो ।

प्रेरक

## सुगाको मुक्ति

एक सेठ र उनकी धर्मपत्नी हरेक दिन सत्संगमा जाने गर्थे । सेठले एउटा सुगा पालेका थिए, जो पिंजरामा रहन्थ्यो । एक दिन सुगाले सेठसित सोध्यो- सेठजी, तपाईंहरू हरेक दिन कहाँ जानुहुन्छ ? सेठले जवाफ दिए- हामी हरेक दिन साधु महाराजको सत्संग सुन्न् जान्छौँ ।

सेठजीको जवाफ सुनेपछि सुगाले भन्यो- हजुरहरू सत्संगमा जानुहुन्छ भने कृपया साधु महाराजसँग मेरातर्फबाट म कहिले स्वतन्त्र हुन्छु भनेर पनि सोधिदिनुहोस् न है ? हुन्छ, हामी सोधिदिउँला भनेर सेठ र उनकी धर्मपत्नी सत्संग सुन्न् गए । सत्संग समाप्त भयो । सबै श्रोता बाहिरिँदै गएपछि सेठजीले सोधे- साधु महाराज, मैले एउटा सुगा पालेको छु । त्यसले आज एउटा प्रश्न हजुरसामु राखिदिन अनुरोध गरेको छ । ऊ जान्न् चाहन्छ कि ऊ कहिले स्वतन्त्र हुनेछ ?

प्रश्न सुन्नासाथ साधु महाराज बेहोस भएर ढले । उनलाई सहयोगीहरूले उठाएर आश्रमको भित्री भागमा लगे । सेठ चुपचाप त्यहाँबाट निस्किए । उनी घर पुग्नासाथ सुगाले सोध्यो- सेठजी, मेरो स्वतन्त्रताबारे साधु महाराजले के भन्नुभयो त ? सेठले भने- तेरो भाग्य नै खोटो रहेछ । तेरो प्रश्न सोध्नासाथ साधु महाराज बेहोस भएर लड्नुभयो । सेठको जवाफ सुनेपछि सुगाले भन्यो- केही छैन सेठजी, मैले बुझेँ ।

अर्को दिन बिहान सेठ र उनकी पत्नी सत्संगका लागि निस्किँदै थिए, त्यति नै खेर सुगा पिंजरामा जानाजान बेहोस भएर ढल्यो । सेठलाई लाग्यो, ला ! सुगा त मरेछ । उनले सुगालाई पिंजराबाट बाहिर निकाले । मौका पाउनासाथ सुगा उडेर बेपत्ता भयो । सत्संगमा पुग्नासाथ साधुले सेठसित सोधे- हिजो तपाईं सुगाका बारेमा केही सोध्दै हुनुहुन्थ्यो, अब ऊ कहाँ छ ? सेठले भने- महाराज, आज बिहानै ऊ जानाजान बेहोस भएको नाटक गरेर पिंजरामा लडेको रहेछ ।

मैले ऊ मरेछ भन्न् ठानेर बाहिर निकाल्नासाथ ऊ उडेर बेपत्ता भयो । सेठको जवाफ सुनेपछि मुसुक्क मुस्कुराउँदै साधुले भने- हेर्नुहोस् त सेठजी, तपाईं यति धेरै दिनदेखि सत्संग सुनेर पनि अझै सांसारिक मायामोहको पिंजरामा फसिरहनुभएको छ, तर त्यो सुगा भने सत्संगमा नआईकनै पनि मेरो एउटा इसारा बुझेर स्वतन्त्र भयो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ । मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ । विशेष अवसरले प्रसन्नता दिलाउनेछ भने सहयोगीहरूको साथले काममा उत्साह जगाउनेछ । विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ भने आकर्षक उपहार प्राप्त हुन सक्छ । अवसर जुट्नेछ तर आलस्य गर्ने बानीले काम अधुरो रहन सक्छ । मिहिनेत गर्दा नाम, दाम र इनाम हातपार्न सकिनेछ ।

### वृष

आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला । बेलैमा समय दिन नसक्दा काम बिग्रन सक्छ । लगानी बढाउनुपर्ने बाध्यात्मक परिस्थिति आउन सक्छ । आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन् । शुभचिन्तकहरू समेत टाढा हुनेछन् । धेरै लगानीपछि थोरै प्रतिफल प्राप्त हुनेछ । काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला ।

### मिथुन

सञ्चित कर्मफल प्राप्त हुनेछ । व्यापार बढ्नेछ भने साझेदारीबाट लाभ मिल्नेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ । प्रयत्न गर्दा नयाँ कामतर्फ अग्रसर भइनेछ । आम्दानीले दैनिकीमा सुधार ल्याउनेछ । तर आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्लान् । आम्दानी भए पनि फजुल खर्च बढ्नाले अर्थ संग्रहमा बाधा पुग्नेछ । व्यावसायिक काममा खर्च बढ्नेछ ।

### कर्कट

स्थान प्राप्त हुन सक्छ । विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि विशेष काममा जग बसाउने अवसर जुट्नेछ । मेहनतले नाम, दाम र इनाम दिलाउनेछ । कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । नोकरी तथा व्यापार-व्यवसायमा लाग्नेहरूलाई फाइदा होला । रुचिका विषयमा लगानी बढाउने अवसर प्राप्त हुनेछ ।

### सिंह

तारिफयोग्य काम गर्दै प्रतिष्ठा आर्जन गर्ने समय छ । भाग्यले विभिन्न अवसर जुराउने समय छ । सामाजिक तथा पदीय जिम्मेवारी प्राप्त हुनेछ । नसोचेको अवसर आउनाले मन प्रफुल्लित हुनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । शुभचिन्तकहरूको साथले पहिलेको चुनौती समाप्त होला । मिहिनेतले नाम, दाम र इनाम हातपार्न सफल भइनेछ । काम देखाएर फाइदा लिने समय छ ।

### कन्या

आश्वासन दिनेहरूले झुक्याउन सक्छन् । सानातिना काम र घरेलु समस्यामै अल्झनुपर्ला । काम बिग्रने भयले सताउनेछ भने फजुल खर्च बढ्नेछ । श्रमको उचित मूल्य प्राप्त नहुन सक्छ । नयाँ काममा हात हाल्न केही समय पर्खंदा राम्रो हुनेछ । गरी आएको कामसमेत स्थगित हुने सम्भावना देखिन्छ । न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने समय छ । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्नेछ ।

### तुला

बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ । परिवारजनको साथले उत्साह जगाउनेछ । व्यापार र पेसामा सामान्य फाइदा हुनेछ । तर ईर्ष्यालु मन भएकाहरूले सताउन सक्छन् । आफ्ना सामानमा अरूले दाबी गर्नेछन् । परिस्थितिसँग सम्झौता गर्नुपर्ला । सुमधुर सम्बन्ध राख्न व्यवहारमा ध्यान पुर्याउनुहोला । अरूको भरपर्दा सोचेको लाभ नहुन सक्छ ।

### वृश्चिक

हिम्मतले काम लिँदा मनग्य लाभ हुनेछ । मेहनतले प्रतिस्पर्धाको दौडमा सफलता दिलाउनेछ । भौतिक साधन जुट्नेछन् । बलजफ्ती गरेरै भए पनि चिताएको काम बनाउन सकिनेछ । शत्रु परास्त हुनेछन् भने रोगबाट पनि छुटकारा मिल्नेछ । आवेशमा संयमित हुनुहोला, मुद्दा-मामिलामा विजयी भइनेछ । व्यवसायमा मनग्य फाइदा हुनेछ । शत्रु तथा प्रतिस्पर्धीसँग सम्झौता हुन सक्छ ।

### धनु

पहिलेका कमजोरी सच्याउन केही समय जुट्नुपर्ला । लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ । प्रतिष्ठित काम गर्ने मौका छ । चिताएका काम बिस्तारै भए पनि सम्पादन हुनेछन् । पढाइलेखाइमा राम्रै प्रगति हुनेछ । सेवामूलक कामबाट धनलाभ हुनेछ । सन्तान वा सहयोगीका माध्यमबाट काम बन्ने देखिन्छ । आफ्नो प्रतिभाको कदर हुनेछ । बौद्धिक प्रतिस्पर्धामा पनि अरूलाई उछिन्न सकिनेछ ।

### मकर

बेसुरमा बोल्ने बानीले समस्या निम्त्याउनेछ । महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुपर्ला । साझेदारीमा असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । आश्वासन बाँड्नेहरूले झुक्याउन सक्छन् । अरूको विश्वासमा पर्दा अन्त्यमा धोका पाइएला । परिस्थितिसँग सम्झौता गर्नुपर्ला । नयाँ काममा हात हाल्न केही समय पर्खनुहोला । नियमित कामलाई भने निरन्तरता दिन सकिनेछ ।

### कुम्भ

पहिलेको सफलताले महत्त्वाकांक्षा बढाउनेछ । विभिन्न अवसर पनि आउनेछन् । नयाँ काम प्रारम्भ गर्ने समय छ । मिहिनेतले दिगो फाइदा दिलाउनेछ । पहिलेको उपलब्धिले उत्साह जगाउनेछ । सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । उद्योग र व्यापारमा फाइदा हुनेछ । छोटो समयमा पनि प्रतिफल पाइनेछ । मिहिनेत गर्दा नाम, दाम र इनाम हातपार्न सकिनेछ ।

### मीन

सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । अभिव्यक्ति तथा लेखनकलामा पनि निखारता आउनेछ । असल विचार र बुद्धिको उपयोगले विद्या, प्रसिद्धि र धन आर्जन हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । प्रतिष्ठित काम गर्ने अवसर छ । पहिले बिग्रिएको काममा दोहोर्याएर प्रयत्न गर्दा लाभ उठाउन सकिनेछ । तार्किक क्षमता बढ्नेछ भने बुद्धिको माध्यमले लक्ष्य प्राप्ति हुनेछ ।

# समाचार संक्षेप

## स्कुटर दुर्घटनामा परी मृत्यु

रुपन्देही । सैनामैना नगरपालिका-८ बस्ने ३५ वर्षीय लाल प्रसाद पन्थीको मंगलबार बिहान स्कुटर दुर्घटनामा परी मृत्यु भएको छ । लुम्बिनी सांस्कृतिक नगरपालिका-६ तेलारस्थित सडकबाट तल खोल्सामा लु.१९ प ६७२५ नम्बरको स्कुटरसहित खसेर मृत्यु भएको अवस्थामा उनको शव फेला परेको हो ।

## मृत अवस्थामा फेला

काठमाडौं । काभ्रे, बनेपा नगरपालिका-९ नयाँबस्तीस्थित सडकको पेटीमा सोही नगरपालिका-५ डेरा गरी बस्ने रामेछाप घर भएका ४० वर्षीय काजी राम बुढाथोकी मंगलबार मृत अवस्थामा फेला परेका छन् । सुनसरी, गढी गाउँपालिका-६ मझौ बस्ने ४० वर्षीय रामलाल उराव सोही ठाउँस्थित नहरको पानीमा सोमबार मृत अवस्थामा फेला परेका छन् । गत शुक्रबार घरबाट निस्किएका उनी फर्कि नआएपछि खोजी गर्नेक्रममा उक्त नहरमा उनको शव फेला परेको हो ।

यसैगरी सुनसरी, ईटहरी उपमहानगरपालिका-१९ मौलिया बस्ने २४ वर्षीया सुनिता साह आफ्नै कोठामा सुतेकै ठाउँमा मंगलबार मृत अवस्थामा फेला परेकी छन् । धनुषा, सबैला नगरपालिका-९ भठियनस्थित जग्गामा पाल टाँगी बसेका भारत बेगु सराइ सागी चोक बस्ने ६७ वर्षीय महमद मोईम बन्जारा पालभित्रै मंगलबार मृत अवस्थामा फेला परेका छन् । कास्की, पोखरा महानगरपालिका-१७ सितापाईलास्थित बाटो छेउमा सोही ठाउँ बस्ने ५८ वर्षीया सेती राना मंगलबार मृत अवस्थामा फेला परेकी छन् । रुपन्देही, बुटवल उपमहानगरपालिका-११ मगरघाट पुलबाट रंगशाला जाने सडक छेउमा हाल नाम, थर, वतन नखुलेकी करिब ४५ वर्षीया महिला मंगलबार मृत अवस्थामा फेला परेकी छन् ।

## सवारी दुर्घटनामा २ जनाको मृत्यु

काठमाडौं । काठमाडौं महानगरपालिका-१५ बुद्धपार्क स्वयम्भूस्थित सडकमा प्रदेश नम्बर १-०१-००१ ख ३७२३ नम्बरको बसको ठक्करबाट पैदलयात्री हाल नाम, थर, वतन नखुलेकी करिब ६५ वर्षीया महिलाको सोमबार दिउँसो मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएकी उनको मनमोहन अस्पताल स्वयम्भूमा उपचारको क्रममा मृत्यु भएको हो । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सिन्धुली, गोलन्जोर गाउँपालिका-७ माथिल्लो बारास्थित सडकमा प्रदेश ३-०१-०२४ च ४२७६ नम्बरको पिकअप गाडी अनियन्त्रित भई नालामा पल्टिएर मंगलबार बिहान दुर्घटना हुँदा गाडीमा सवार सिराहा धनगढिमाई नगरपालिका-९ जिरो माइल जयपुर बस्ने २५ वर्षीय किसुन कुमार साहको घट्नास्थलमै मृत्यु भएको छ ।

## अवैध लागूऔषध सहित ३ जना पक्राउ

काठमाडौ । काठमाडौं, चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट भारत मोतिहारी रक्सौल बस्ने ३० वर्षीय प्रेम कुमार महतोलाई नियन्त्रित लागूऔषध २ सय एम्पुल डाईजेपाम, २ सय एम्पुल नुफिन र २ सय एम्पुल फेनारगन सहित सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । वीरगंजबाट काठमाडौंतर्फ आउँदै गरेको प्र.२-००३-००१ ख ३६२२ नम्बरको बसलाई महानगरीय प्रहरी प्रभाग नागढुंगाबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा बसमा सवार उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

बाँके, नेपालगंज उपमहानगरपालिका-१० ट्राफिक चोकबाट बर्दिया राजापुर नगरपालिका-४ बस्ने २३ वर्षीय फहेस खाँलाई २ ग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने खैरो धुलो पदार्थ सहित आइतबार बेलुकी प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

कैलाली, टीकापुर नगरपालिका-७ सत्तीबाट सोही ठाउँ बस्ने २९ वर्षीय प्रकाश चौधरीलाई नियन्त्रित लागूऔषध ३५ क्याप्सुल स्पास्मो प्रोक्सिभन सहित आइतबार साँझ प्रहरीले पक्राउ गरेको छ । उक्त ठाउँस्थित सडक किनारमा से.४ प ६७५६ नम्बरको मोटरसाइकल पार्किङ गरी शंकास्पद तवरले बसिरहेका प्रकाशलाई प्रहरी चौकी सत्तीबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

## दुर्घटनामा स्कुटर चालकको मृत्यु

रुपन्देही । बुटवल उपमहानगरपालिका-७ दिपनगरस्थित सडकमा लु.११ प ७७२१ नम्बरको स्कुटर दुर्घटना हुँदा स्कुटर चालक अर्घाखाँची सितगंगा नगरपालिका-४ घर भएका १८ वर्षीय सुरेन्द्र घर्ती क्षेत्रीको आइतबार बेलुकी मृत्यु भएको छ । उक्त स्कुटर सडक किनारमा रोकी राखेको ना.६ ख ९७५५ नम्बरको ट्रकमा ठोकिदा अनियन्त्रित भई ग.१ घ ३८ नम्बरको गाडीमा ठोक्किएर दुर्घटना हुँदा गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो ।

## करेन्ट लागेर मृत्यु

तेह्रथुम । फेदाप गाउँपालिका-१ महभिर बस्ने ५२ वर्षीय अम्मर बहादुर बस्नेतको करेन्ट लागेर सोमबार दिउँसो मृत्यु भएको छ । रुखमा चडेर घाँस झार्ने क्रममा रुखको हाँगा विद्युतको तारमा अल्झिदा करेन्ट लागेर उनको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय तेह्रथुम र प्रहरी चौकी पोक्लावाङबाट खटिएको प्रहरीले यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

## मृत अवस्थामा फेला

काठमाडौं । कैलाली, टिकापुर नगरपालिका घर भई धनगढी उपमहानगरपालिका-३ आदर्श चोक डेरा गरी बस्ने ४० वर्षीया लक्ष्मी चौधरी आफ्नै कोठामा आइतबार मृत अवस्थामा फेला परेकी छन् ।

डोटी, दिपायल सिलगढी नगरपालिका-९ प्याटी बस्ने २८ वर्षीय पुरन साउद सोही नगरपालिकास्थित घुडेबुडा भिरमा सोमबार मृत अवस्थामा फेला परेका छन् । घरबाट पसलतिर जान्छु भनि आइतबार निस्किएका उनी फर्कि नआएपछि खोजी गर्नेक्रममा उक्त भिरमा उनको शव फेला परेको हो ।

दोलखा, बैतेश्वर गाउँपालिका-६ सेउडानी बस्ने ७२ वर्षीय जंगे सार्की सोही ठाउँस्थित नाम्दु भतेरे पाखोमा सोमबार मृत अवस्थामा फेला परेका छन् ।

अछाम, कमलबजार नगरपालिका-५ कुईका बस्ने ३६ वर्षीय भानुभक्त तिमल्सिना सोही नगरपालिका कोषडाँडामा सोमबार मृत अवस्थामा फेला परेका छन् । स्वास्थ्य कार्यालय कुईकामा कार्यरत रहेका उनी आइतबार स्वास्थ्य कार्यालयतर्फ गएकोमा उक्त स्थानमा मृत अवस्थामा फेला परेका हुन् ।

झापा, मेचिनगर नगरपालिका-२ घर भई विर्तामोड नगरपालिका-५ डेरा गरी बस्ने ४० वर्षीय उत्तम कँडेल आफ्नै कोठामा सोमबार मृत अवस्थामा फेला परेका छन् । सिन्धुली, तिनपाटन गाउँपालिका-९ बतासे पाखा बस्ने ६३ वर्षीय रत्नमान श्रेष्ठ सोही ठाउँस्थित झोलुंगे घट्टे खोलामा सोमबार मृत अवस्थामा फेला परेका छन् ।

## मृत अवस्थामा फेला

काठमाडौं । काठमाडौं, नागार्जुन नगरपालिका-७ गोतामथोस्थित घरको पिँढीमा सोही ठाउँमा काम गरी बस्ने भक्तपुर चाँगुनारायण नगरपालिका-६ तेलकोट घर भएका ४८ वर्षीय बद्री प्रसाद घिमिरे आइतबार मृत अवस्थामा फेला परेका छन् । सोलुखुम्बु, दुधकुण्ड नगरपालिका-११ स्थित कडेनि झोडनी सामुदायिक बनमा हाल नाम, थर, वतन, उमेर नखुलेकी महिला आइतबार मृत अवस्थामा फेला परेकी छन् ।

## मृत अवस्थामा फेला

काठमाडौं । काठमाडौं महानगरपालिका-१६ माछापोखरीस्थित सडक छेउमा सोही क्षेत्रमा मागी खाई हिँडने गरेका पाल्पा शान्ति नगरपालिका-९ घर भएका ३३ वर्षीय शंकर पाण्डे आइतबार मृत अवस्थामा फेला परेका छन् ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Swerve = उल्टो दिशातर्फ हुत्तिएर लाग्नु As the driver struggled to regain control of the wheel, the car swerved wildly जव चालक गाडीलाई आफ्नो नियन्त्रणमा लिन कोशिस गर्दै थिए गाडी भने अर्को दिशातर्फ हुत्तियो ।

Transmute = वदल्नु Only the capable people can transmute their dreams into actualities सक्षम मानिसहरूलेमात्रै आफ्ना सपनालाई यथार्थमा परिणत गर्न सक्तछन ।

Unexceptionable = टिप्पणी गर्ने अवशर वा मौकानै नपाएको, खोट नभएको She said that she would marry a man of unexceptionable character खोट नभएको वा कसैले चरित्रमा दाग नलगाएको मानिससंगमात्र विवाह गर्छु भन्छिन तिनी ।

Visceral = भित्रि She has visceral pain whenever she does physical labor शारिरिक काम गर्ने वित्तिकै उन्लाई भित्रि दुखाइले पोल्छ ।

Willful = सुनियोजित The death of her husband was not a natural rather a willful murder उन्को लोग्नेको मृत्यु प्राकृतिक नभै सुनियोजित षडयन्त्र थियो ।

Abate = कमहुनु, We had to wait for the storm to abate आधिंवेरी कम नहुन्जेल हामीलाई पर्खनुपर्यो ।

Baleful = डरलाग्दो, The fortune teller made a baleful prediction of terrible events to happen भविष्यवष्यवेत्ताले अनिष्ट घट्ना घट्ने भविष्यवाणी गरे ।

Cache= लुक्ने वा लुकाउने ठाउ The police followed the suspect upto cache where he had stored his loot प्रहरिले शंकास्पद ब्यक्तिलाई उस्ले लुटेका वस्तुहरू लुकाउने ठाउसम्मै पिछा गर्यो ।

Dank= ओसिलो The walls of the dungeon were dank and slimy जेलको भूमिगत तलाको भित्ताहरू ओसिलो र काई जमेको थियो ।

Ecstasy = खुसिले उन्मत्त हुनु When Sita received her confirmation from Germany, she was in ecstasy जर्मनीबाट कन्फरमेसन आएकोमा सिता खुसिले उन्मत्त भइन ।

# Open बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Open for =लागि खुला These positions are open for only female यी पदहरू महिलाहरूको लागि मात्र खुला हुन ।

Open an account = खाता खोल्नु She has not yet open an account in the bank अझै तिन्ले बैंकमा खाता खोलेकी छैनन् ।

Open a book = किताव लोकापर्ण गर्नु This week he will open his book amidst a formal ceremony यो हप्ता उस्ले आफनो किताव लोकापर्ण गर्ने छ ।

Open up = खुल्नु New mines will open up in the years to come आउने वर्षमा नया खानीहरू खुल्दै जान्छन ।

Open out = पोख्नु He did not like to open out his view in front of us उस्ले हाम्रो अगाडि आफनो विचार पोख्न चाहेन ।

Open parliament = संसद बोलाउनु Tomorrow the president will open the parliament भोली राष्ट्रपतिले संसद बोलाउनेछन् ।

Open something up = केही चिज खोल्नु He opend up the packet with great care उस्ले खुबै होस पुराएर प्याकेट खोल्यो ।

Open up = विकाश गर्नु Open up an undeveloped land is a hard work वाझो जग्गालाई विकाश गर्न कडा मेहनत चाहिन्छ ।

Open something with something = संगै सुरु गर्नु He opened the story with a murder उस्ले कथाको शुरुवात हत्याको घटनासंगै गर्यो ।

Open something with = वाट शुरु गर्नु She opened the conference with a speech मन्तब्यबाट तिन्ले सम्मेलन शुरु गरिन ।

## सुडोकु-अंक २४५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | १ | | ८ | | ६ | | ४ | ५ |
| ३ | | | | १ | | | | ६ |
| | ९ | | | | | | ८ | |
| ९ | | | ७ | | २ | | | ८ |
| | | ४ | | | | ७ | | |
| २ | | | ९ | | १ | | | ३ |
| | २ | | | | | | ९ | |
| ५ | | | | ९ | | | | ४ |
| ४ | ६ | | १ | | ३ | | ५ | २ |

## अंक २४४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ३ | २ | १ | ७ | ४ | ६ | ५ | ८ |
| ८ | ५ | १ | २ | ३ | ६ | ९ | ७ | ४ |
| ४ | ७ | ६ | ९ | ५ | ८ | ३ | १ | २ |
| ७ | ६ | ५ | ८ | ४ | ३ | १ | २ | ९ |
| १ | ४ | ३ | ५ | २ | ९ | ८ | ६ | ७ |
| २ | ९ | ८ | ६ | १ | ७ | ५ | ४ | ३ |
| ५ | १ | ७ | ३ | ८ | २ | ४ | ९ | ६ |
| ३ | २ | ९ | ४ | ६ | १ | ७ | ८ | ५ |
| ६ | ८ | ४ | ७ | ९ | ५ | २ | ३ | १ |

# Let Us Strive for Our Great State's Prosperity and Development and Our People's Wellbeing

*Report on the 4th Plenary Meeting of 8th Central Committee of the Workers' Party of Korea-2*

The 4th Plenary Meeting of the 8th Central Committee of the Workers' Party of Korea (WPK) was held at the office building of the Party Central Committee between December 27 and 31, Juche 110 (2021) to review a great year of struggle and lay down new guideline on development amid the great interest and expectation of all the Party members and people across the country.

The plenary meeting was convened in the historic period when the entire Party, the whole country and all the people confidently move toward the next-stage struggle for the comprehensive development of socialist construction after adorning the first year of implementing the five-year plan with praiseworthy victory true to the grand strategic idea and practical programme set forth at the 8th Congress of the Party.

The Political Bureau of the Party Central Committee authorized Kim Jong Un to preside over the plenary meeting.

Kim Jong Un made an analysis and appraisal of the Party Central Committee on the Party and state work for 2021, the first year for implementing the decisions of the historic 8th Congress of the Party, referring to the main purpose of the convocation of the plenary meeting, its significance and importance.

Saying that in fulfilling the five-year plan for development and change set forth at the Party Congress, the work done year after year holds vital and important significance both in the light of the developmental stage of socialist construction and the realistic conditions and situation of our Party and state, the General Secretary noted that through the plenary meeting we all will face heavy yet responsible agony while becoming aware of the strategic importance of the next year's work which will just be as huge and important as this year's.

The General Secretary said that this year's struggle endowed us with more clear predictability about subjective and objective conditions and environment of the revolution at present and in the future, adding that therefore, we came to know what we can do and to have clear vision about our possibility and self-confidence.

He said that only when we correctly understand and judge the present external and internal situation and make a right stride along the correct orientation with accurate fighting policies, can we move to the next stage with a practical change for development.

Noting that at the point of reviewing the year's work with pride, we should first analyze with subtlety what could be lessons, he said that the main purpose of the convocation of the plenary meeting is to make some lessons learned by us an engine further supplementing and completing the revolutionary policies and raise our bigger potentiality for development. He added that herein lies the great practical significance of revolutionary development.

The Party Central Committee admitted that this year's successes and experiences should actively be promoted and amplified as they represent precious lessons and devoted efforts and as they require full display of unusual responsibility and strenuous efforts, and that the comprehensive development of socialist construction should be hastened with greater successes and victory by discharging heavy responsibility and generating maximum creativity in discussing the plan for the new year.

**General Secretary Kim Jong Un made an important conclusion "On the Orientation of the Work of the Party and State in 2022" on the first agenda item.**

He first analyzed and reviewed the work of the Party and the state in the first year for implementing the decisions made at the Party's Congress.

It is the general assessment of the Party Central Committee that 2021, in which all the Korean people waged tense and worthwhile struggle true to the new practical programme of socialist construction set forth at the Party Congress, is a year of great victory that opened up a prelude to the great change toward the comprehensive development of socialist construction despite severe trials.

It was the general goal and desire of the Party Central Committee in its work for this year to bring about practical changes and substantial achievements waited for and welcomed by the people by fulfilling the tasks set forth at the Second Plenary Meeting of the Eighth Central Committee of the Party without fail.




When assigning and propelling the work for this year, the Party Central Committee paid special attention to ensuring the purposefulness of development, perseverance and scientific accuracy in working out the plan and establishing the trait of unconditionally, thoroughly and correctly implementing it, and awakened officials to exert themselves and took measures for solving pending problems in developing the economy and improving the people's living standard in time.

Achievements worthy of appraisal and evident stride forward hardening self-confidence were made in the agricultural field to which the Party gives top priority.

What is important is that we became confident in doing safe farming under any condition by adopting scientific methods of responsively reacting to disastrous climates and obstacles though they used to decide good or bad crop, and this is the valuable fruition the credit of which is to the rare patriotism and indomitable efforts of our agricultural workers.

Kim Jong Un courteously proposed to the plenary meeting sending thanks in the name of the Party Central Committee to the exemplary agricultural officials, workers, scientists and technologists who greatly contributed to doing farming well despite the unfavorable conditions this year.

The plenary meeting fully supported and approved his proposal.

The main success the Party Central Committee presented to the people this year is that it greatly demonstrated the development and potential power of our-style socialism making a leap forward by dynamically pushing ahead with huge construction projects planned by it.

The construction of 10 000 flats in the areas of Songsin and Songhwa nearing completion as another massive residential area is the first eye-opening event that showed in actuality the prospect for the perfect settlement of housing problem in the capital city in the period of five-year plan.The completion of the third-stage Samjiyon city project produced an ideal and valid experience for confidently pushing ahead with the long-term grand construction to transform local areas across the country.

The construction of 5 000 dwelling houses in the area of Komdok made successful headway, the rehabilitation from flood damage was satisfactorily conducted in South Hamgyong Province and North Hamgyong Province and new architectural shapes were introduced and new ideas were created in lots of projects including the construction of modern terraced residential district. This indicated that our architecture has leapt one step higher and the era of great prosperity in construction keeps flourishing.

The electric power and coal industrial sectors responsible for supplying power to the national economy conducted an effective production campaign to powerfully haul the overall economy. The building-materials, machine, mining, forestry and land, marine and rail transport fields supported the nationwide construction and production surge. All these meant an improvement of one step forward in implementing the plan for this year.

The Party Central Committee assessed that the desire to bring about fresh innovation, bold creation and steady progress was vividly manifested in the work for this year and a turn was effected in establishing the Party climate, like strengthening the organizational discipline of the Party and carrying out the Party's decisions.

The national defence industrial sector developed one ultra-modern weapon system after another under its correct plan, thus demonstrating the advancement and modernity of our military force. This is one of the very important achievements made this year.

This year when the Party congress was held, many young people volunteered to work in difficult and labor-consuming fields and did good deeds, which moved the people. It is a remarkable political success that the spirit of young people became very high.

Praising this year's successes, the Party Central Committee estimated that ways of stabilizing the economy and subsisting by dint of self-reliance defying extremely severe environment have been positively found out and applied and that it is progress made in the economic development and this process precisely means the dynamic advance of the Korean-style socialism towards the comprehensive development of the state.

The General Secretary said that great praiseworthy achievements were made in this year's work as all the people turned out as one with the zeal of loyalty to resolutely defend the authority of the Party congress and dedicated their patriotic sweat to the implementation of the tasks for the first year of the five-year plan, overcoming all the difficulties. He, on behalf of the Party Central Committee, highly praised all the Party members, working people and the service personnel for making indomitable and strenuous efforts to glorify 2021 as a year of proud victory to be specially recorded in the history of socialist construction, and sent warm greetings to them.

Indicating the main orientation of the work of the Party and the state for 2022, the General Secretary clarified the principled issues and the struggle policy for a fresh development of socialist construction.

The main task facing our Party and people next year is to provide a sure guarantee for the implementation of the five-year plan and bring about a remarkable change in the state development and the people's standard of living so as to record a noteworthy page in the history of the country.

The economic sector, the main front of socialist construction, should concentrate all its efforts on putting the country's economy on the growth orbit and providing the stabilized and improved living to the people by reenergizing the production and pushing ahead with the adjustment and improvement.

The conclusion advanced an important task for making radical progress in solving the food, clothing and housing problem for the people.

The entire Party and the whole country should concentrate efforts on the farming and give manpower and material support to the rural communities. And the agricultural sector should increase the grain production by doing all the farm works in a sci-tech way and positively use farming machines now that the area to grow wheat and barley has been expanded.

In the economic work, capital construction should be prioritized and new construction revolution for fundamentally changing the living environments of the people should be made so as to continue to usher in the heyday of the capital city construction including the building of 10 000 flats planned for 2022 and open an era when the local areas will change.

Saying that the supply of school uniforms and things to the students across the country at the state's expense is a consistent policy of the Party and the state, the General Secretary set forth a task for supplying all the students with quality uniforms and bags of new forms without exception and took an important measure of the Party Central Committee for implementing it.

It set forth important tasks for promoting the overall development of socialist construction by making innovation in the work of the field of culture including science, education and public health.

At present, a major task facing the field of science is to clearly specify the scientific and technical measure for developing the overall affairs of the country including the economy in a balanced and simultaneous way.

The educational sector should set it as the main objective of educational revolution in the new century to train all the school children as genuine revolutionary talents, competent and creative talents and reserves of socialism by developing our education into the most advanced and ideal one to which we can entrust our future.

The main direction of the public health for next year should be set as providing a sure guarantee for further raising the quality of the medical service for the people, and all efforts should be concentrated on further strengthening the material and technical foundations of the public health sector.

The conclusion stressed once again that the emergency epidemic prevention work should be made a top priority in the state work and it is the most important work to be powerfully conducted with no allowance given to slight slackness, pores and drawback.

The work should be positively pushed forward for reinforcing and completing the means and forces needed for switching our epidemic prevention into advanced and people-oriented one by surely putting the country's foundation of epidemic prevention on a scientific foundation and firmly preparing the material and technological foundation of the epidemic prevention sector.

The General Secretary set forth militant tasks facing the national defence sector.

The military environment of the Korean peninsula and the trend of the international situation getting instable day after day demand that bolstering the state defence capability be further powerfully propelled without a moment's delay.

The People's Army should steadily intensify the work of modeling the whole army on the revolutionary idea of the Party Central Committee and developing it into the revolutionary army of the Party that remains faithful and obedient to the guidance of the Party Central Committee, and direct all efforts to maintaining the training-first principle and putting weapons and equipment on a regular readiness and establishing the firm military discipline.

The munitions industrial field should dynamically push ahead with the production of the powerful equipment corresponding with the modern warfare while steadily expanding the achievements made true to the decisions of the 8th Party Congress, powerfully fuel the qualitative change of the national defence capacity and attain the goal of putting the defence industry on a Juche, modern and scientific basis in a planned way.

It is necessary to take a decisive measure for bolstering the capability of the militia defence force as required by the modern warfare, and increase the military qualifications and commanding capability of the commanding officers of the Worker-Peasant Red Guards and the practical ability of the militia force by effecting drastic turn in the training.

The conclusion set forth principled issues and a series of tactical orientation, all of which should be maintained by the sectors of the north-south relations and external affairs to cope with the rapidly changing international political situation and the circumstances in the surroundings.

Saying that the struggle in 2022 is a great life-and-death, urgent struggle to be vigorously waged successfully for sure for the overall development of socialist construction, our great people and beloved posterity, the General Secretary affirmed that as there are the great people who are possessed of firm faith and strong power to overcome all difficulties by rallying around the Party in one mind and precious experiences with which great successes were made in the spirit of self-reliance despite such harsh situation as this year, our Party and people will achieve a proud victory once again.

Finishing the concluding speech, he ardently called upon the entire Party and all the people to vigorously accelerate the overall development of the socialist construction by putting spurs to the spirit of courageous advance, and thus make the next year a year of great revolutionary event to be significantly recorded in the history of the country and another watershed in the great struggle advancing toward the bright future.

Kim Jong Un's concluding speech is a precious practical programme and an invincible militant banner encouraging the struggle for 2022 for bringing earlier the overall development of the Korean-style socialism and the happiness of the people as it reviewed with pride the year 2021 in which the Party Congress was held as a year of proud victory to be specially recorded in the history of prosperity of the country and indicated a new guideline for bringing about prosperity of the country.

The 4th plenary meeting of the 8th WPK Central Committee that lasted five days amid revolutionary enthusiasm finished its work with a solemn pledge of invariable loyalty to the revolutionary idea and cause of President Kim Il Sung and Chairman Kim Jong Il.

The plenary meeting will be significantly recorded in the history of the Juche revolution as a historic one which declared the start of an all-people grand march to glorify the hopeful new year 2022 as a great turning-point of the developing revolution under the invincible guidance of the great Party and advanced strategic policies that will dynamically propel the overall development of our own-style socialist construction.

## भूमाफिया...

हो। अघिल्लो सरकारको पालामा नेपाल प्रहरीले अनुसन्धान पूरा गरी प्रतिवेदन तयार गरेको अवस्थामा वर्तमान सरकार आएसँगै सरकारी वकिलकै सहयोग लिएर सिआइबीलाई राजनीतिक दबाब दिई अनुसन्धानमा तानिएका एकचौथाइ मान्छेका नामलाई प्रतिवेदनबाट हटाएर सरकारी वकिलको कार्यालयमा पठाइएको थियो। तर सरकारी वकिलको कार्यालयले ललितानिवाससम्बन्धी जग्गाको किर्ते मुद्दाको हदम्याद अघिल्लो कानुनअनुसार हुने र अहिलेको मुलुकी संहिता लागु नहुने तर्क गरेर प्रतिवेदन फर्काई आफू चोखिएको छ।

सिआइबीले पठाएको प्रतिवेदनमा उल्लेख भएका केही व्यक्ति महान्यायाधिवक्ता खम्ब खातीका चिनेजानेका मात्र नभई आफैंले मुद्दा हेरेको समेत भएकाले उनी अप्ठेरोमा थिए। स्रोतका अनुसार सिआइबीले जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंमा प्रतिवेदन बुझाएपछि खातीले प्रधानमन्त्री देउवा र गृहमन्त्री खाँणलाई भेटेर मुद्दा चलाउन अप्ठेरो रहेको र पर्याप्त प्रमाण नरहेको भन्दै ब्रिफिङ गरेका थिए।

महान्यायाधिवक्ता खातीको ब्रिफिङपछि प्रधानमन्त्री देउवा र खाँणले सो प्रतिवेदन प्रकृया पुर्‍याएर प्रहरीलाई नै फिर्ता गर्न निर्देशन दिएका थिए। सोहीअनुसार सरकारी वकिल कार्यालयले मुद्दामा हदम्याद नहुने तर्क गरेर सिआइबीलाई फिर्ता गरिदियो।

'ललितानिवास जग्गा प्रकरणको किर्तेसम्बन्धी मुद्दामा मुलुकी संहिता जारी हुनुभन्दा अघिको कानुनअनुसार पनि कारबाही गर्न सकिने र मुलुकी संहिताअनुसार पनि गर्न सकिने अवस्था छ तर सरकारी वकिल कार्यालय आफू पन्छिनका लागि मुलुकी संहिता लागु नहुने उल्लेख गरिदियो', ती सरकारी वकिलले भने।

उनका अनुसार महान्यायाधिवक्ता खातीसँग प्रधानमन्त्री र गृहमन्त्री खाँण दुवैले यो विषयमा छलफल गरेका थिए। सो छलफलमा पनि देउवा र खाँण दुवैले सहज हुनेगरी अघि बढ्न महान्यायाधिवक्ता खातीलाई निर्देशन दिएको स्रोतले जनाएको छ।

## नेपालको...

महिनापछि उनले नै २०७८ जेठ २८ मा नयाँदिल्लीबाट सीमा क्षेत्रमा सडक निर्माण गर्ने सुरक्षा निकाय बोर्डर रोड अर्गनाइजेसन (बीआरओ) लाई कैलाश मानसरोवर यात्राका लागि नयाँ बाटो निर्माण गरेको भन्दै प्रशंसा गरेका थिए। नेपाली भूभाग लिपुलेक, कालापानी र लिम्पियाधुरा नियन्त्रणमा लिएर तिब्बतमा रहेको धार्मिक स्थल मानसरोवरसम्म जाने बाटो निर्माणलाई भारतले रोक्नुको सट्टा झन् तीव्रता दिएको मोदी र सिंह दुवैको अभिव्यक्तिले प्रस्ट पारेको छ। महाकाली नदीवारि नेपालतर्फको बाटो भत्काउने र नदीको प्राकृतिक बहाव नै परिवर्तन हुने गरी सीमावर्ती क्षेत्रमा भएका भारतीय ज्यादती रोक्न सरकारले कुनै कूटनीतिक पहल नगर्नु आश्चर्यनजनक छ।

भारतले नेपाली भूमिमा नेपालकै जानकारीबिना सडक निर्माण गरेपछि तत्कालीन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिलाई जानकारी दिने क्रममा भारतले नेपालको १९ किलोमिटर भूभागमा बाटो बनाएको प्रस्ट पारेका थिए। सिंहले सडक उद्घाटन गरेको भोलिपल्ट नै परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गरेर भारतलाई तत्काल उक्त भूमिमा गतिविधि नगर्न आग्रह गरेको थियो। सन् १८१६ को सुगौली सन्धिअनुसार लिम्पियाधुरा, लिपुलेक र कालापानी आफ्नो भूमि भएको ध्यानाकर्षण गराएको थियो। भारतले पनि सोही दिन विदेश मन्त्रालयमार्फत सडक आफ्नै भूमिमा बनाएको र केही समस्या भए कोरोना भाइरस संक्रमणपछि वार्ता गर्न सकिने जनाएको थियो।

भारतीय गृह मन्त्रालयले २०७६ कात्तिक २५ मा जम्मु र कस्मिरलाई केन्द्र मातहतमा राख्दै जारी गरेको नयाँ राजनीतिक नक्सामा नेपालको भूभाग लिपुलेक, लिम्पियाधुरा र कालापानीसमेत समेटेको थियो। लगत्तै नेपालले भारतलाई कूटनीतिक नोट पठाएको थियो। त्यसयता पनि भारतले नेपालको भूभागमा सडक नै निर्माण गरेपछि नेपालले सीमा समस्या हल गर्न ५ पटक कूटनीतिक नोट पठाइसकेको छ। भारतले कोभिड १९ सकिएपछि मात्र वार्ता गर्न सकिने भनेपछि नेपालले पनि आफ्नो भूभाग लिम्पियाधुरासहित समेटेर २०७७ जेठ ७ मा नयाँ राजनीतिक मानचित्र जारी गरेको थियो। तर भारतले भने नेपालको नक्सा अस्वीकार्य भनिदियो। केही समय अघिमात्र भारतको गृहमन्त्रालयले दोस्रो पटक राजनीतिक नक्सा जारी गरेको छ। उक्त नक्सामा पश्चिमी सीमा नदी महाकालीको नाम नै परिवर्तन गरेर कुती याङ्दी राख्दै कालापानी क्षेत्र नछोड्ने मनसाय प्रकट गरिसकेको छ। अझ प्रधानमन्त्री मोदीले नै लिपुलेकसम्म सडक निर्माण गरिने भनेपछि भारत सरकारको आधिकारिक धारणा सार्वजनिक भएको छ। लिम्पियाधुरा, लिपुलेक र कालापानीमाथिको नियन्त्रण भारतले नछोड्ने प्रस्ट भएको छ।

नेपाल र इस्ट इन्डिया कम्पनीबीच सन् १८१६ मा भएको सुगौली सन्धिको धारा ५ अनुसार कालीनदी नै नेपालको पश्चिमी सीमाको रुपमा निर्धारण भएको छ। लिम्पियाधुराबाट उत्पन्न कालीनदी सीमा भएकाले त्यसको निकै पूर्वतिर पर्ने लिपुलेक स्वतः नेपालको हो। नेपाल र चीनबीच सन् १९६१ अक्टोबर ५ मा भएको सीमा सन्धिको दफा १ को उपदफा (१) मा लेखिएको छ– 'नेपाल चीन सीमारेखा कालीनदी र टिंकर नदीको पानी ढलो तथा कर्णाली (मापचु) नदीको सहायक नदीहरू र टिंकर नदीको पानीढलो सम्मिलित भएको स्थानबाट प्रारम्भ हुन्छ। त्यहाँबाट यो दक्षिण पूर्वतर्फ कर्णाली (मापचु) नदीका सहायक नदीहरू तथा टिंकर नदी र सेती नदीका पानीढलो हुँदै लिपुधुरा (त्युमचिसा), हिमालको शृंखला र लिपुधुरा टिंकर लिपु भन्ज्याङसम्म जान्छ। यस सन्धिअनुसार पनि लिपुलेक नेपालको हो भन्ने प्रस्ट देखिन्छ। तर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी सन् २०१५ मा चीन भ्रमणमा गएका बेला प्रकाशित संयुक्त विज्ञप्ति (१६ मे) मा लिपुलेक भन्ज्याङलाई भारत र चीनको अन्तरसीमा व्यापार नाकाको रुपमा विकसित गर्ने २८ नं. बुँदामा उल्लेख गरियो। लिपुलेक नेपालको भूभाग हो भन्ने जान्दाजान्दै पनि नेपाललाई बेवास्ता गर्दै चिनियाँ राष्ट्रपति सिजिन पिङ र भारतीय प्रधानमन्त्री मोदीले लेनदेन गर्नुले चीन र भारत दुवै लिपुलेक प्रकरणमा जिम्मेवार देखिन्छन्। नेपालको जानकारी र सहमति बेगरको यो सम्झौता नेपाल चीनबीचको सन्धि विपरीत छ र अन्तर्राष्ट्रिय कानुनको समेत बर्खिलापमा छ। यसलाई चीन र भारत दुवैले सच्याउन चाहेका छैनन्। चीन व्यापारिक मुलुक हो उसलाई नाफा भए पुग्छ, भारत भौगोलिक विस्तारवाद हो जसले नेपालको भूभाग अधिनस्थ गरिरहेको छ।

सुगौली सन्धिलगत्तै लण्डनबाट प्रकाशित इम्प्रुभ्ड म्याप अफ इन्डिया शीर्षकको २ जनवरी १८१६ को नक्सामा लिम्पियाधुरा नजिकबाट झरेको नदीलाई कालीनदी लेखिएको छ। यस्तै स्केच अफ कुमाउँ शीर्षकको सन् १८१९ मा सर्भेयर क्याप्टेन एचएस वेबले तयार गरेको सर्भे अफ इन्डियाले छापेको नक्सामा लिम्पियाधुराबाट निस्केको नदीलाई कालीनदी लेखिएको छ। युएस आर्मीले वाशिंगटनबाट सन् १९५४ मा नन्दनदेवी मानसरोवर शीर्षकको नक्सामा लिम्पियाधुराबाट निस्केको नदीलाई कुटियाङ्दी लेखिएको छ। स्थानीय सौका भाषामा कुटियाङ्दी भनेकै कालीनदी हो। सन् १९६७ मा सोभियत संघबाट प्रकाशित वर्ल्ड एटलस द्वितीय संस्करणमा लिम्पियाधुराबाट उद्गम नदीलाई कालीनदी लेखिएको छ। भारत, बेलायत, रुस, अमेरिका लगायतका अन्तर्राष्ट्रिय नक्साहरूलाई आधार मान्ने हो भने महाकाली नदी नेपाल भारतबीचको सीमा नदी भएकाले पूर्वतर्फ पर्ने लिपुलेक स्वतः नेपालभित्र पर्छ।

सन् १८५० मा सर्वे अफ इन्डियाबाट प्रकाशित नक्सामा लिपुलेक भन्ज्याङबाट आउने नदीलाई कालीनदी मानी सोही नदीमा सिमाना देखाइएको छ। र साथै सन् १८५६ मा प्रकाशित नक्सामा पनि १८५० को नक्साअनुसार नै सिमाना देखाइएको छ। उक्त दुवै नक्साअनुसार कालापानी क्षेत्र नेपालको भूभागमा पर्छ। पछि १८७५ मा सर्वे अफ इन्डियाबाट प्रकाशित नक्सामा कालीनदी छाडी कालापानीभन्दा तलको पाखा गाउँ खोलाको दक्षिणपट्टिको डाँडो (पानीढलो) लाई सिमाना देखाइएको छ। यस नक्साअनुसार कालापानी क्षेत्र भारततर्फ पनि जान्छ। पछि सन् १८७९ मा भारत चीन सीमा सम्झौता हुँदा पनि सन् १८५० मा सर्वे अफ इन्डियाको नक्सामा देखाएको लिपुलेक भन्ज्याङलाई कालीनदीको उद्गमस्थल मानी 'इन्जक्सन' (निषेधाज्ञा) कायम गरिएको छ।

सन् १८५० र १८५६ को सर्वे अफ इन्डियाबाट प्रकाशित नक्सामा कालापानी नेपालको भूभागमा रुपमा कायम भएपछि त्यसपछि सर्वे अफ इन्डियाबाट प्रकाशित नक्सामा सिमाना फेर्ने कुनै आधार वा औचित्य रहँदैन। अतः कालापानी नेपालको भूभाग भएको हुँदा एवं हालसम्म नापी विभागबाट प्रकाशित नेपालको सबै नक्सामा लिपुलेक भन्ज्याङबाट आउने कालीनदीलाई सिमाना कायम गरिएको र कालापानी नेपालको भूभागको रुपमा छ। ब्रिटिस भारतसँग सन् १८५० र ५६ मा गरी दुई दुई पल्ट छापेको नक्साले कालापानी लगायतको भूभागलाई नेपालभित्र पारेको छ। यस आधारमा नेपालले कालापानी आफ्नो भनेर लिएको अडान प्रमाणमा आधारित जायज छ। सन् १८७९ देखि भारतले आफ्नुखुसी नक्सा छापेर कालापानीलाई भारतमा पार्न खोजेको छ। जुन षड्यन्त्रपूर्ण र अन्तर्राष्ट्रिय नियम कानुन विपरीत छ। सन् १९६२ को भारत चीन सीमा युद्धमा भारतीय सेनाको एउटा डफ्फाले कालापानी क्षेत्रमा नेपाल सरकारको अनुमति बिना नै किल्ला जमायो। नेपालको ३९५ वर्गकिलोमिटर भूभाग भारतीय सेनाले अहिले पनि ओगटेको छ। भारतले नेपालको उत्तरी सीमामा १८ ठाउँमा रहेका सुरक्षा फौज सन् १९६९ मा फिर्ता गर्दा कालापानी क्षेत्रबाट फर्काएन। अहिले त्यहाँ भारतले इन्डो टिबटेन बोर्डर पुलिस तैनाथ गरेको छ।

जलविज्ञान शास्त्रअनुसार कुनै पनि नदीको उद्गम र विकासलाई हेर्न चार कुरामा ध्यान दिइन्छ। पहिलो नदीको निकास मिच्नु (प्वाइन्ट अफ आउटलेट) देखि यसको उद्गम बिन्दुसम्मको दूरी हुनुपर्छ। दोस्रो नदीको क्रमागत अर्डर (रिभर अर्डर) हेर्नुपर्छ। महाकालीको निकासदेखि उद्गमस्थलसम्मको दूरी लिम्पियाधुरादेखि लिपुलेक दुवै बिन्दुसम्म करिब २ सय ५५ किलोमिटर पर्छ। जलाधार क्षेत्र भने लिपुलेकभन्दा लिम्पियाधुराको बढी छ। पानीको आयतन लिपुलेकबाट निस्केको नदीमा भन्दा लिम्पियाधुराबाट निस्केको नदीमा ६ गुणा बढी छ। नदीको विभिन्न शाखा प्रशाखा मिसिएर बढेको क्रमागत अर्डर पनि लिपुलेकभन्दा लिम्पियाधुराबाट निस्केको नदीको बढी छ। त्यसैले हाइड्रोलोजीको आधारमा पनि लिम्पियाधुराबाट निस्केको नदी नै महाकालीको उद्गम हो भन्ने प्रस्ट बोध हुन्छ। महाकाली नदीको पानीमाथि भारतको गिद्देनजर परेका कारण कालीको मुहान कुन भन्ने विषयमा अनावश्यक विवाद निकालेर लिम्पियाधुराको बदला त्यसको पूर्वतर्फ नक्कली मुहान देखाएर हाइड्रोलोजीकलो आधारको समेत भारतले उल्लंघन गरेको छ। लिपुलेकमा नेपालको सार्वभौमिकताको सम्मान गराउने सक्रिय कूटनीतिक भूमिका सरकारले अविलम्ब खेल्नुपर्छ। यसमा चीन समेतको त्रिपक्षीय वार्ताको आवश्यकता पर्ने कूटनीतिक क्षेत्रको निष्कर्ष छ।

## मोदीलाई...

भनाइलाई उद्धृत गर्दै इन्डिया टूडेले जनाएको छ। उनी भाजपाको तर्फबाट उत्तर प्रदेशस्थित सिकोहाबादका विधायक हुन्। यसअघि उत्तरप्रदेशकै भाजपाका विधायक तथा मन्त्री स्वामीप्रसाद मौर्यले पार्टी परित्याग गरेका थिए भने लगत्तै अर्का मन्त्री दारा सिंह चौहानले पनि पार्टीको साधारण सदस्यसमेत नरहने गरी पार्टीबाट बाहिरिएका थिए।

मौर्य र चौहानले अहिलेसम्म कता जाने भन्ने विषय सार्वजनिक नगरे पनि समाजवादी पार्टीका प्रमुख अखिलेश यादवले मौर्यसँगै बसेको तस्बिर सार्वजनिक गर्दै उनीहरूलाई समाजवादी पार्टीमा स्वागत गरेको ट्वीट चर्चित बनेको छ।

हालसम्म पाँच पटकसम्म विधायक भइसकेका मौर्यले पनि पिछडिएको वर्गलाई भाजपाले बेवास्ता गरेको आरोप लगाउँदै पार्टीबाट बाहिरिएका थिए। पार्टी परित्याग गरिसकेपछि मौर्यले यसको असर सन् २०२२ को विधानसभा निर्वाचनमा देखिने बताएका छन्।

मौर्यले मन्त्रीमण्डल परित्याग गरेको पत्र ट्विटरमार्फत सार्वजनिक गर्दै भनेका छन्, 'श्रम सेवायोजन तथा समन्वय मन्त्रीको रुपमा विपरीत परिस्थितिहरू वा विचारधारामा रहँदारहँदै पनि मैले यथाशक्य उत्तरदायित्व निर्वाह गरेको छु तर दलित, पिछडिएका वर्ग, किसान, रोजगारविहीन युवा र लघु एवं मध्यम श्रेणीका व्यापारीहरूलाई उपेक्षात्मक रवैया देखाएकाले उत्तर प्रदेशको योगी मन्त्रिमण्डलबाट राजीनामा दिएको छु।'

दलितों, पिछड़ों, किसानों, बेरोजगार नौजवानों एवं छोटे-लघु एवं मध्यम श्रेणी के व्यापारियों की घोर उपेक्षात्मक रवैये के कारण उत्तर प्रदेश के योगी मंत्रिमंडल से इस्तीफा देता हुँ।

पार्टी छाडेपछि मौर्यले सञ्चारकर्मीहरूसँग बोल्दै पार्टीका ठूला नेताहरूसँग पनि आफूले यी मुद्दाको विषयमा कुरा उठाएको तर सुनुवाइ नभएको बताए। मौर्य सन् २०१६ मा बहुजन समाज पार्टीबाट अलग्गिएर भाजपामा आएका थिए।

मंगलबारयता मात्र वर्मासँगै सात जनाले भाजपा परित्याग गरिसकेका छन्। स्वामीप्रसाद मौर्यसँगै भाजपाका अन्य तीन विधायक टिन्डवारीका ब्रजेश प्रजापति, तिलहारका रोशनलाल वर्मा र बिलहौरका भगवती सागरले पार्टी परित्याग गरिसकेका छन्। त्यस्तै भाजपाकै विधायक अवतार सिंह भडानाले पार्टीबाट साधारण सदस्यसमेत नरहनेगरी राजीनामा दिएका छन्। भाजपा परित्यागपछि उनी राष्ट्रिय लोक दलमा सहभागी भइसकेका छन्।भारतका विभिन्न राज्यमा चुनावी सरगर्मी बढ्दै गर्दा बीजेपीका सांसदहरू भने धमाधम पार्टी परित्याग गर्नुले पार्टीको आगामी यात्रा अझ कठिन बन्ने राजनीतिक विश्लेषकहरूले बताउँदै आएका छन्।

## बेलायतमा...

मार्फत नर्सलाई रोजगारीका लागि पठाइने श्रममन्त्री श्रेष्ठले बताए। बेलायत सरकारको सर्तअनुसार जिटुजीमार्फत नै नेपाली नर्सलाई बेलायत पठाउन लागिएको हो। यसमा निजी क्षेत्रको संलग्नता हुनेछैन। बेलायतले 'नेसनल हेल्थ प्रोग्राम'अन्तर्गत नेपाली नर्सलाई लैजाने भएको हो। मन्त्रालयका अनुसार सरकारले नेपाली नर्सलाई शून्य लागतमा बेलायत रोजगारीका लागि पठाउने तयारी गरेको छ। रोजगारीका लागि बेलायत जाने नर्सको भाषा परीक्षा, स्वास्थ्य परीक्षण, भिसा, टिकट, बिमालगायत सबै खर्च बेलायत सरकार आफैंले व्यहोर्ने भएको छ। बेलायतमा नेपाली नर्स मासिक पाँच लाख रुपैयाँसम्म आम्दानी गर्न सक्ने मन्त्रालयले अनौपचारिक जानकारी दिएको छ।

## कसरी...

(सञ्चालन गर्न बोलपत्र आब्हान गर्‍यो। समितिले आह्वान गरे बमोजिम ३५ दिनको मितिभित्र कसैको पनि आवेदन नपरेपछि पुनः २६ भदौमा अर्को बोलपत्र आह्वान गरेपछि वतास समूहले दोस्रो पटकमा टेन्डर हालेको थियो।

जसअनुसार ८ पुस २०७७ मा समितिले बिपिएस लिजिङ एन्ड मेनेजमेन्ट प्रालिलाई २ लाख २१ हजार ६ सय १८ रुपैयाँमा छनोट गरी ठेक्का दिएको गोरखापत्र दैनिकमा सार्वजनिक गरिएको थियो। जसअनुसार १६ पुसमा बतास समूहलाई परफोमेन्स ग्यारेन्टीका लागि ८ लाख ८० हजार ५ सय रुपैयाँ पुस मसान्त भित्र बुझाउन पत्र लेखेको देखिन्छ।

१७ पुसमा सम्झौता भएपछि समितिले बतास समूहलाई अर्को पत्र लेख्दै 'संग्रहालयको हरियाली तथा वातावरणीय सुधार गरी थप आकर्षक बनाउन' कार्यादेश दिएको पत्र माघ ६ गते लेखे पछि बतास समूहले १४ रोपनीमा बगैंचा बनाउने काय सुरु गरेको थियो।

मिडियामा दरबार संग्रहालयभित्र क्याफटेरिया बनिरहेको समाचार बाहिरिएपछि मन्त्री आलेले मौखिक आदेशमा संरचना भत्काउन आदेश दिएका थिए। समितिले २० पुसमा बि म्यानेजमेन्टलाई पत्र लेख्दै 'समिति र बि म्यानेजमेन्ट प्रालिबीच सम्झौता भई अघि बढेको निर्माण कार्यका सबन्धमा सञ्चारमाध्यममा आएका समाचारका कारण विवाद सिर्जना हुन गएकाले पर्यटन मन्त्रालयको मौखिक आदेश बमोजिम अर्को आदेश नभएसम्मका लागि निमार्ण कार्य तत्काल रोक्न हुन जानकारी गराइन्छ।'

सो जानकारी आए लगतै बतास समूहले निर्माण कार्य रोकेको तर त्यही दिन फेरि समितिले बतास समूहलाई पत्र लेख्दै समितिसँग समन्वय नगरी स्थायीअस्थायी संरचना निर्माण भएको देखिएकाले सम्झौतामा उल्लेखित क्षेत्रभन्दा बढी क्षेत्रमा निर्माण गरिएका सम्पुर्ण संरचना यथाशीघ्र भत्काईहटाई यस समितिलाई जानकारी दिनु हुन आदेश अनुसार अनुरोध छ।'

## फेरि...

विद्युत माग बढेकोले प्रणालीले विद्युत भार थेग्न नसकेर बत्ती अनियमित हुने गरेको प्राधिकरणका प्रवक्ता सुरेश बहादुर भट्टराईले बताएका छन।

अहिले काठमाडौ उपत्यकाको माग ४ सय ६० देखि ४ सय ९० मेगावाटको हाराहारीमा रहेको छ। विद्युत प्राधिकरणले भने कन्डक्टर तथा प्रसारण लाइनको स्तरोन्नति गर्ने क्रममा फीडर बन्द राख्नुपर्ने, विकास निर्माणको काम गर्दा तार सार्नुपर्ने, अप्रत्याशित रूपमा विद्युत माग बढेकोले वितरण ट्रान्सफर्मरको क्षमताले धान्दा नसक्दा समस्या देखिएको भन्दै बताउदै आइरहेको छ।

बिद्युत खपत बढेको भन्दै प्राधिकरणले आपुर्ति संयन्त्रलाई बढाउन नसकेको कारण अघोषित लोडसेडिङ जसरी बत्ती जाने रेको उपभोक्ताहरूले बताएका छन। अघोषित रुपमा बत्ती जाने समस्याको कारण प्रयोगमा रहेको बिद्युतीय सामाग्री बिग्ने गरेकोमा पनि आम नागरिकले असन्तुष्टि ब्यक्त गरेका छन। यो भन्दा अघि प्राधिकरणले झयाप्प -झयाप्प बत्ती जाने समस्या हटेको बताएको थियो। तर पनि सो कुरा लागु हुन सकेको देखिदैन।

यस्तो अवस्थामा नेपाल आयल निगमले पनि अन्तराष्ट्रिय बजारमा कच्चा तेलको मुल्य बृद्धि पछि भारतीय आयल निगलमे पेट्रोलिय पदार्थको मुल्य बढाएको भन्दै पेट्रोलियम पर्दाथ सँगै खाना पकाउने ग्यासको पनि मुल्य बृद्धि गरेपछि आम नागरिक थप अन्योलमा परेका छन। सर्वसधारणले अघोषित बत्ती जाने समस्याको कारण महगो मुल्यमा खरिद गरेको ग्यासमा बिजुलीले गर्नुपर्ने सबै कार्य गर्नुपरको गुनासो समेत गर्दै आएका छन।

## आर्थिक...

विभागले यस्तो आकलन गरेको थियो। 'बेमौसमी बाढीले मुलुकको धान उत्पादनमा क्षति पुर्‍याएको छ। यद्यपि, कोभिड-१९ का कारण प्रभावित आर्थिक क्रियाकलापहरू करिब शतप्रतिशत पुरानै लयमा फर्केका कारण आर्थिक वृद्धि पाँच प्रतिशतभन्दा माथि हुने आकलन गरिएको छ,' अर्थ मन्त्रालय स्रोतको भनाइ छ। यद्यपि, अर्थमन्त्री जनार्दन शर्मा र सचिव मधुकुमार मरासिनी भने सार्वजनिक रूपमा लक्ष्यअनुरूप सात प्रतिशत नै आर्थिक वृद्धि हुने बताइरहेका छन्।

प्रतिवेदनले गत आर्थिक वर्ष ०७७/७८ मा मुलुकको आर्थिक वृद्धि १ दशमलव आठ प्रतिशत मात्रै भएको जनाएको छ। केन्द्रीय तथ्यांक विभागले भने गत वैशाखमा गत आवमा चार प्रतिशत आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको थियो। तर, हालसम्म पनि अघिल्लो आर्थिक वर्षको आर्थिक वृद्धिको अन्तिम तथ्यांक विभागले सार्वजनिक गरिसकेको छैन।

अघिल्लो आर्थिक वर्ष ०७६/७७ मा आर्थिक वृद्धिदर माइनस २ दशमलव एक प्रतिशतले खुम्चिएको थियो। कोभिड-१९ का कारण इतिहासमै सबैभन्दा कमजोर आर्थिक वृद्धि भएपछिको अर्को वर्ष ०७७/७८ मा पनि अर्थतन्त्र पुनरुत्थान हुन सकेन। गत वैशाखबाट पुनः लकडाउन भएपछि आर्थिक पुनरुत्थानको गति पुनः रोकिएको थियो। तर, असारपछि लकडाउन खुला हुँदै गएको र यस वर्ष आर्थिक गतिविधि पनि वृद्धि भएका कारण चालू आर्थिक वर्षमा भने ३ दशमलव नौ प्रतिशतको आर्थिक वृद्धि हासिल हुने प्रक्षेपण विश्वबैंकले गरेको हो।

## खोप...

अध्ययनले खोप लगाएको तर ओमिक्रोनबाट संक्रमित भएका व्यक्तिमा जटिल समस्या अत्यन्त कम देखिएको छ भने खोप नलगाएको व्यक्तिमा यसको जोखिम बढी हुने उनले बताए। चिकित्सक अधिकारीले भने, 'कोरोना भाइरस संक्रमणको नयाँ भेरियन्ट ओमिक्रोन समुदायमा छिटोछिटो फैलिएको छ।' २४ नोभेम्बरमा दक्षिण अफ्रिकाबाट पत्ता लागेको कोभिडको तेस्रो म्युटेसन भेरियन्ट ओमिक्रोन भएको भन्दै उनले कुनै पनि भाइरस स्वरूप परिवर्तन अथवा म्युटेसन हुँदा यो बढी गम्भीर भएर जानसक्छ अथवा सामान्य भाइरस बनेर हराएर जान पनि सक्छ भने। कोभिडमा भएका अहिलेसम्मका म्युटेसन हेर्दा तुरुन्त हराउने प्रकृतिको नभइ स्थिर पान्डेमिकको रूपमा बदलिइरहेर दुःख दिइरहन सक्ने देखिएको उनको भनाइ छ।

ओमिक्रोन सबैभन्दा धेरै म्युटेसन भएर देखिएकाले यसको सर्ने तरिका, गम्भीरता र भ्याक्सिनको प्रभाव फरक हुनसक्ने देखिएको उनले बताए। यसले गर्दा अस्पताल भर्ना धेरै नहुने तर धेरै जनालाई एकैचोटी संक्रमित गर्नसक्ने देखिएको चिकित्सक अधिकारीको भनाइ छ। भरतपुर सामुदायिक अस्पतालका फिजिसियन डा.महेन्द्र अग्रहरीले खोप लगाउनेलाई भन्दा नलगाएका व्यक्तिलाई यसले छिटो असर गर्ने बताए। ज्वरो आउने, नाकबाट हल्का पानी बग्ने, घाँटी खसखसाउने, सुक्खा खोकी लाग्ने, ज्यान दुख्ने, थाक्नेजस्ता लक्षण यो भेरियन्टमा देखिने गरेको उनको भनाइ छ।

## हवाई...

वोत्स्वाना, जिम्बाब्वे, नामिबिया, लेसोथो, इस्वाटिनी, मोजाम्बिक, मलावी, र हङकङबाट आउने वा ती मुलुकलाई ट्रान्जिट बनाई नेपाल आउने यात्रुलाई १६ मंसिरदेखि नेपाल प्रवेशमा रोक लगाइसकेको छ। जुन निर्णय अहिले पनि यथावत् छ। ती देशबाट नेपाल आउने नेपाली नागरिक, कूटनीतिक तथा अफिसियल पासपोर्टबाहेक वा आवासीय भिसा प्राप्त गरेका विदेशी नागरिकको हकमा सरकारले विशेष व्यवस्था गरेको छ। पूर्ण खोप लगाएको १४ दिन पुगेको, बोडिङ पास जारी हुनुभन्दा ७२ घण्टा अगाडिको पिसिआर रिपोर्ट नेगेटिभ भएका नेपाली नागरिक र अन्यको हकमा कोभिड-१९सँग मिल्दोजुल्दो लक्षण नदेखिएका अवस्थामा घरमै १० दिन क्वारेन्टिनमा बस्ने गरी अनुमति दिने विभागले जनाएको छ।

## किन सम्झने...

जनमानसलाई सचेत गराउन खाँडो जगाउने प्रसस्ति गाउने गरिन्थ्यो। कुहिरोका टाउकामा टवाक्-टवाक्, टवाक् भन्ने कीर्तिनस्वरुप विवाहको लगनको बेला प्रसस्ती गाएर प्रारम्भ गरिने चलन ल्याइयो जुन टिष्टादेखि काँगडासम्म अद्यावधि व्याप्त छ।

पहिला व्यापार, दोस्रो बाइबल र तेस्रो हतियार इष्टइन्डिया कम्पनीको हत्कण्डा थियो भन्ने पृथ्वीनारायण शाहले त्यहीबेला बुझिसकेका थिए। त्यसले गर्दा यो पवित्र क्षेत्रलाई कसरी इसाई साम्राज्यबाट बचाउने भन्ने उनमा सोचाइ आयो। अन्ततोगत्वा बनारसको भ्रमणको बेला उनले गरेर हातहतियार बनाउने, कारखानाको निरीक्षण गर्ने, मर्मत गर्ने मुसलमानहरू कालीगढहरू, केही हातहतियार योद्धाहरू समेत लिएर फर्केका थिए। पृथ्वीनारायण शाहले राष्ट्रिय एकीकरणमा साम, दाम, दण्ड, भेदको नीति अख्तियार गरेका थिए।

राष्ट्रको पहिचान र सुरक्षा अवधारणाभित्रका अस्मिताहरू सार्वभौमसत्ताका स्रोत हुन्। विदेशी चलखेल र भ्रष्टाचारी नेतृत्वबाट हाम्रो अस्मिता बाँच्न सक्तैन। राष्ट्र निर्माताका सन्देशहरूलाई हृदयंगम गर्न सकियो भने यहाँ कुनै विदेशीको सिद्धान्त लागू गर्नुपर्ने आवश्यकता नै पर्दैन। यसरी नेपाली जनतालाई उसबेला नैं मार्गदर्शन गर्ने व्यक्तित्व निश्चय नैं हामी नेपालीहरूका गौरव हुन्।

नेपालका सबै जातिहरूलाई नेपालको भौगोलिक, जातीय र सांस्कृतिक विविधताभित्रको मूलधारमा एकताबद्ध गराएर नेपालभित्रका सबै फूलहरू समानरुपमा फूल्न पाउन सक्ने अवधारणा पृथ्वीनारायण शाहको थियो। नेपालमा विभिन्न समूदायहरूको बीचमा सहअस्तित्वको भावना लिएर हिँड्न सकिएन भने नेपालमाथि विदेशीहरूको रजाइँ हुन्छ। प्रजातान्त्रिक मान्यताबाट मात्र नेपाललाई हिँडाउन सकिन्छ भन्ने विश्वास उसबेलामा पृथ्वीनारायण शाहलाई भएकाले आफूले कालु पाण्डेलाई मूलकाजी अर्थात् प्रधानमन्त्री बनाउन इच्छा हुँदाहुँदै जनताको इच्छा बिराज बखेतीप्रति रहेकाले मूलकाजीमा उनले बिराज बखेतीलाई नै नियुक्ति गरेको कुरा उनले दिव्य उपदेशमा उल्लेख गरेका छन्।

पृथ्वीनारायण शाह वि.सं. १७७९ पुस २७ गते जन्मेका थिए। उनी २० वर्षकै उमेरमा गोरखा राज्यको राजगद्दीमा बसेका थिए। त्यसबेला भारतमा ब्रिटिसहरूले इस्ट इन्डिया कम्पनीको नामबाट शासन गरिरहेका थिए। ब्रिटिसहरू १५ औं शताब्दीमा इस्ट इन्डिया कम्पनीको नाममा भारत पसेका थिए। झन्डै ५ सय राजारजौटाहरूलाई नियन्त्रणमा लिएर शासन गरिरहेका अंग्रेजहरू नेपालको बाटो हुँदै चीनसँग व्यापार गर्न चाहन्थे। यसका लागि कि त नेपालसँग सम्झौता गर्नुपर्थ्यो कि त कब्जामा लिनुपर्थ्यो। यही कारण सन् १८१४ देखि १८१६ सम्म युद्ध भएको थियो। यस युद्धको अन्त्य सुगौली सन्धिपछि मात्र भयो। यो सन्धिले नेपालको नक्सा नै परिवर्तन गरिदियो। पूर्वमा मेचीपारि टिस्टासम्म र पश्चिममा महाकालीपारि काँगडासम्मको नेपालको भूभाग अंग्रेजको नियन्त्रणमा गयो। अर्थात् नेपालको एकतिहाई भूभाग गुम्यो।

अंग्रेजहरू व्यापारसँगै उपनिवेश विस्तार गरिरहेका थिए। त्यसबेला ग्रेटर नेपाल बनेको थिएन। पश्चिममा बाइसे, चौबिसे राज्यहरू, काठमाडौं उपत्यकामा अनेक नगरराज्यहरू, पूर्वमा वल्लो किराँत, पल्लो किराँत, माझ किराँत र सेनहरूका विजयपुर, चौदण्डी, मकवानपुर आदि राज्यहरू थिए। बंगाल र विहारमा आधिपत्य जमाइसकेको अंग्रेजलाई असंगठित टुक्रे राज्यहरू हात पार्न कुनै साइत हेर्नुपर्दैनथ्यो। तर तत्कालीन परिस्थिति बुझेका पृथ्वीनारायण शाहले अंग्रेज पक्ष यता बढ्न नपाउँदै खण्डित राज्यहरूलाई एक गर्ने दूरगामी महत्वाकांक्षा लिए। २६ सेप्टेम्बर १७४४ मा दोस्रो पटक नुवाकोटमाथि सफल आक्रमण गरेर उनले राष्ट्रिय एकीकरणको अभियान सुरु गरे। राष्ट्रिय एकीकरणको अभियान पूर्वतिर निरन्तर अगाडि बढ्दै सन् १७६६ मा कीर्तिपुर, १७६८ मा कान्तिपुर, १७६९ मा ललितपुर र भक्तपुरलाई एकीकृत गरेपछि १७७३ मा माझ किराँत हुँदै १७७४ को अन्त्यतिर दार्जिलिङ पुग्यो। पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरे। कसैको धर्म संस्कृतिमाथि आघात गरेनन्। काठमाडौं जितेपछि उनले जीवित देवी (कुमारी) लाई ढोगे। भक्तपुर राज्यको चन्द्रसूर्य अंकित झण्डालाई राष्ट्रिय झन्डा स्वीकार गरे। नेवारी संस्कृतिलाई सम्मान गरे र काठमाडौंलाई राजधानी बनाए। उनले देशको नाम गोरखा राखेनन् नेपाल राखे।

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, गृहमन्त्री कृष्णप्रसाद सिटौला गृहसचिव उमेश मैनालीलगायतले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको अपमान गर्दै राष्ट्रिय एकता दिवस खारेज गरे। यसो गर्नमा विशेषतः माओवादी र क्रिश्चिनरी मिसनको मुख्य हात थियो। पृथ्वीनारायण शाहले केपुचिन पादरीलाई क्रिश्चियन धर्म प्रचार गर्न नदिई उपत्यकाबाट लखेटेका थिए। यसकै बदलामा अहिले क्रिश्चियनहरूले पृथ्वीनारायण शाहलाई अपमान गर्न सरकारलाई समेत प्रभावमा पार्न सफल भएका छन्। जनस्तरदेखि संसदभित्रबाट समेत पुस २७ लाई राष्ट्रिय एकता दिवसका रुपमा सार्वजनिक बिदा गर्न सरकारसँग माग गरिए पनि यो आवाज सरकारले सुनको छैन।

पृथ्वीनारायण शाह आजको नेपालको एकीकरणकर्ता हुन्। उनले आफ्नो जीवनकालमा नेपाललाई पश्चिममा महाकाली र पूर्वमा मेची नदीसम्म विस्तार गरेका थिए। पृथ्वीनारायण शाह यदि नभइदिएका भए आजको नेपाल सम्भव थिएन। इतिहासमा नेपाल कहिले कसैको पराधीन भएन। अंग्रेजहरूले नेपाललाई अधिनस्थ गर्न खोज्दा पृथ्वीनारायण शाहले नै उनीहरूलाई असफल बनाइदिएका थिए। शाहकै कारण देशले स्वतन्त्रता दिवस मनाउनु परेन। तर नेपाललाई एकीकरण गर्ने यी महान् सपूतलाई सम्मान गर्दै राष्ट्रले एकता दिवस मनाउँदै आएको थियो। गणतन्त्र आएपछि पृथ्वीनारायण शाहलाई अवमूल्यन गर्दै राष्ट्रिय एकता दिवस एवं उनको जन्मजयन्ती समेत मनाउन छोडियो। अहिले देशमा लादिएको संघीयताले पृथ्वीनारायणले एकीकरण गरेको तराई भूभाग अलगाउवादी आप्रवासी भारतीयहरूले टुक्र्याउन खोज्दैछन्। एकीकृत समृद्ध र अखण्ड नेपालका अभिष्टता पाल्ने पृथ्वीनारायण शाहलाई यतिबेला देश र जनताले झल्झली सम्झिरहेका छन्। यतिबेला नेपालको राष्ट्रियता गम्भीर संकटको अवस्थामा गुज्रिरहेको प्रस्ट हुन्छ।

पृथ्वीनारायण शाह पहाडी राज्य गोरखाका राजा भएर पनि उनले नेपाल राष्ट्र बनाउन गरेको महान योगदान नै सबै नेपालीले उनलाई सम्झनुपर्ने कारण हो। वि.सं. १७६८ अघिसम्म नेपाल 'नेपाल राष्ट्र' थिएन। यसै मितिदेखि नेपालको इतिहासको आधुनिक काल मानिन्छ। पृथ्वीनारायण शाहले गुरिल्ला युद्धद्वारा नेपाल एकीकरणको आरम्भ गरे। यस अभियानको नेतृत्व उनले गरे। बिसे नगर्चीदेखि कालु पाँडे समेतले उनको एकीकरण अभियाननलाई साथ दिए। नेपालमा सैनिक संरचनाको सुरुवात पनि उनले गरे।

एकीकरण अभियान उनले एक्लै गरेका होइनन्, उनलाई जनताले पनि साथ दिएका थिए। भलै उनले नेपाल एकीकरणको नाम दिएर युद्ध लडेनन् राज्य विस्तार गरे। त्यही राज्य विस्तार अभियान नै नेपाल एकीकरणको ऐतिहासिक अभियान थियो। आज हामीले टेकेको धर्ती उनकै नेतृत्वमा भएको जनबाहुबलको परिणाम हो।

पृथ्वीनारायण शाहको राज्य विस्तारको अभियानलाई खुनी हमला देख्नेहरू उनलाई द्रव्यपिसाचका रुपमा व्याख्या गर्नेहरू, विलासी एवं क्रुर शासकको रुपमा उनको व्याख्या गर्नेहरूले नेपाल राष्ट्रको एकतालाई खारेज गर्नुपर्ने भाषाहरू परोक्ष रुपमा बोलिरहेका छन्। अर्थात् फेरि जातीय राज्यहरूको अस्तित्व स्थापित हुनुपर्ने घुमाउरो तर्क गरिरहेका छन्।

किराँत राज्यसँग, उपत्यकाका मल्ल राज्यहरूसँग, लमजुङसँग पृथ्वीनारायणले गरेको सम्झौता उनले पूरा नगरेको भनेर उनलाई धोकेबाजको पगरी गुथाउने स्वघोषित बुद्धिजीवीहरू पनि देखिँदैछन्। सर्वमान्य कुरा हो युद्ध र प्रेममा जे पनि जायज हुन्छ। यसकारण पृथ्वीनारायण शाहले विल्कुलै ठीक गरेछन्। उनले अधिनस्थ गरेका राज्यहरूलाई फेरि स्वअस्तित्वमा आउन दिएनन् र टुक्रा टुक्रा भूभागलाई मिलाएर भावी सन्ततिलाई सिंगो नेपाल दिए। पृथ्वीनारायणको नेपाल एकीकरण अभियानलाई 'खुनी' हमला बताउनेहरू पनि छन्। तिनले शाहअघिकै भुरे टाकुरे राज्यहरूको अस्तित्व चाहेका हुन् भने तिनीहरू देशद्रोही करार भएर जेलमा ठिंगुरा ठोकाएर जाकिन लायक छन्।

विश्वमा राष्ट्र निर्माताहरूलाई अघोर नै सम्मान गरेको पाइन्छ। छिमेकी मुलुक भारतमा महात्मा गान्धीलाई, चीनमा सनयात सेनलाई राष्ट्रपिता मानिन्छ। अमेरिका जर्ज वाशिंगटन, थोमस जेफरशन, बेन्जामिन फ्रेंकलिन, जोन एडम्स, जेम्स मेडिसन, अलेक जेन्डा हेमिल्टिन, अमेरिकाका फाउन्डिङ फादरक रुपमा चिनिन्छन्। उनीहरूले १३ वटा राज्यलाई मिलाएर युनाइटेड स्टेट्स अफ अमेरिकाको स्थापना गरेका थिए। इटलीका मिनटर इमानुअल द्वितीयलाई फादर अफ फादर ल्यान्ड भनिन्छ। गैरीवाल्डी, मेजिनी, क्यामिना वेल्सो, काउन्ट कैबुरलाई संस्थापक पिता मानिन्छ। टर्कीका मुस्तफा कमाल अर्नातुकलाई पनि राष्ट्रपिताकै दर्ज दिइएको छ। लि क्यान युलाई सिंगापुरका राष्ट्रपिता मानिन्छ। फ्रान्स र जापानको उपनिवेशबाट भियतनामलाई मुक्त गराउने होची मिन्हलाई भियतनामी जनताले कति आदर गर्छन्? पाकिस्तानका मोहम्मद अलि जिन्नालाई कवाइद आजम अर्थात् महान नेता भनेर सम्मान गरिन्छ। टुँकु अब्दुल रहमानलाई विकासवादी नेताका रुपमा चिनिएका महाथिरले समेत सम्मान गर्छन्। तर आज नेपालमा भने जाति, धर्म, वर्ण र क्षेत्रका आधारमा विभाजनको रेखा कोर्न खोजिँदैछ। रुसका पिटर, जर्मनीका विस्मार्क, बेलायतका एगवर्ड, फ्रान्सका नेपोलियन, जापानका ओडानोगुन एजा, टोकुगावा र इयसो, इटलीका क्यामिलो क्याभोर जिसेफ गरिवाल्डी, ग्रिसका अलेक जेन्डर महानकै जत्तिको योगदान छ नेपाल एकीकरणमा पृथ्वीनारायण शाहको।